# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १९ | काठमाडौं | शनिबार, २९ वैशाख २०८१ | Prabhab National Daily | Saturday, May 11, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## सगरमाथा आरोहण सुरक्षित बनाउने तयारी



- चार सयभन्दा बढी आरोही सगरमाथा आरोहणको तयारीमा
- आरोहीहरूका लागि 'इलेक्ट्रोनिक चिप' अनिवार्य
- आधार शिविरमा 'फिल्ड' कार्यालय
- शीघ्र उद्धारका लागि हेलिकप्टर तयारी अवस्थामा

■ सिबी अधिकारी

**काठमाडौं-** वसन्त यामको सगरमाथा आरोहणका लागि यतिबेला जोडतोडका साथ तयारी सुरु भएको छ। सगरमाथा आरोहणको अनुमति लिएका ४०० भन्दा बढीले आरोहीले तयारी सुरु गरिसकेका छन्। पर्यटन विभागका अनुसार हालसम्म चौथो शिविरसम्मको बाटो खुलिसकेको छ भने त्यसपछिका काम पनि जोडतोडले भइरहेको छ।

पर्यटन विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखा निर्देशक राकेश गुरुङका अनुसार यतिबेला चौथो शिविरसम्मको डोरी टाँग्ने काम सकिएको छ। यतिबेला चौथो शिविरसम्मका विभिन्न क्याम्पहरू आरोहीले भरिएका छन्।

आरोहणको समय नजिकिएसँगै आरोहणलाई सुरक्षित बनाउनका लागि विभागलगायतका विभिन्न कम्पनीहरूले तयारी गरिरहेका छन्। निर्देशक गुरुङले आरोहणलाई सुरक्षित र व्यवस्थित बनाउनका लागि जनशक्ति परिचालन गरिसकेको बताए। 'फिल्ड कार्यालय स्थापना भइसकेको छ, अनुगमनलाई तीव्र पारिएको छ,' उनले भने, 'आरोहीलाई परामर्श दिनुका साथै आवश्यक सामग्री हस्तान्तरण समेत भइसकेको छ।'

सेभेन समिट ट्रेक प्रालिका अध्यक्ष मिङमा शेर्पाले सगरमाथा आरोहणलाई सुरक्षित बनाउन विभिन्न काम भइरहेको बताए। 'जलवायु परिवर्तनका कारण सगरमाथा आरोहणका दौरानमा क्षणभरमै फेरबदल भइरहने मौसमको साथ पनि अनिवार्य हुन्छ,' उनले भने, 'मौसमको अवस्था अनुसार योजना बनाएर अघि बढेका छौं।'

शेर्पाले आफ्नो कम्पनीमार्फत कामिरिता २९औं आरोहणका लागि आधार शिविर आइपुगेको बताए। उनका अनुसार अहिले अधिकांश आरोही सगरमाथा आधार शिविर पुगेका छन्। उनीहरू आरोहण गर्ने उपयुक्त समयको प्रतीक्षामा छन्। सेभेन समिटमार्फत मात्रै ८० आरोही सगरमाथा आरोहणका लागि गएका छन्। खासगरी कामिरिताले आरोहीको पथप्रदर्शकका रूपमा सगरमाथा आरोहण गर्दै आएका छन्। सगरमाथाको आधार शिविरमा सजिएका (करिब १३ हजार) त्रिपाल, आरोहीको भिडभाडले सगरमाथा क्षेत्रको रौनक बढाएको छ।

यो यामको सगरमाथा आरोहणलाई सुरक्षित र व्यवस्थित बनाउन पर्यटन विभागले विभिन्न तयारी गरिएको जनाएको छ। विभागका महानिर्देशक चक्रबहादुर बुढाले सगरमाथा आरोहणलाई सुरक्षित बनाउन 'रेस्क्यू चिप' अनिवार्य गरिएको बताए। उक्त चिप सम्बन्धित एजेन्सीले प्रत्येक आरोहीलाई उपलब्ध गराउनुपर्ने छ। यसले कुन आरोही कहाँ र कस्तो अवस्थामा छन् भनेर जानकारी लिन सकिने विभागको विश्वास छ।

### "इलेक्ट्रोनिक चिप" अनिवार्य

पर्यटन विभागले सगरमाथा आरोहणलाई सुरक्षित बनाउन आरोहीहरूका लागि 'इलेक्ट्रोनिक चिप' अनिवार्य गरेको छ।

(क्रमशः पृष्ठ २ मा)

सहकारी प्रकरणले रास्वपा-कांग्रेस आमनेसामने

# प्रधानमन्त्री दाहाल र ओलीलाई सकस

■ प्रभाव संवाददाता

**काठमाडौं-** सहकारीको रकम ठगी आरोप लागेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि अनुसन्धान गर्न संसदीय छानबिन समिति अति आवश्यक भन्दै नेपाली कांग्रेसले सदन अवरोध गरेको छ। संघीय संसदको अति महत्वपूर्ण मानिएको बजेट अधिवेशनका पहिलो दिनमै नेपाली कांग्रेसले सहकारीको रकम अपचलन आरोपमा दुबै सदन ठप्प पारेको हो।

प्रतिनिधि सभामा प्रमुख दलका नेताहरूले बोल्न नपाउँदै कांग्रेसले सदन अवरोध गरेपछि सभामुखले १५ मिनेटसम्मका लागि बैठक स्थगित गरेका थिए। शुक्रबार दिउँसो २ बजेका लागि तय गरिएको बैठक ४ बजे शुरु भएको थियो। बैठक सुरु हुनसाथ विरोधमा उत्रिएपछि सभामुख देवराज घिमिरेले कांग्रेसको तर्फबाट महामन्त्री गगन थापालाई बोल्न समय दिएका थिए। लगत्तै थापाले सदनअघि बढ्न नसक्ने अडान लिए। 'यो सदन अघि नबढ्नेको जिम्मेवार नेपाली कांग्रेस होइन, सरकारले गरेको कामकारबाहीप्रति हाम्रो विश्वास रहेन। राज्यका तमाम अंगहरूलाई वासिङ मेसिनजस्तो प्रयोग गरियो,' थापाले भने, 'तपाईंहरूले धोएर पखालेर पखालिन्न। दूधको दूध पानीको पानी संसदीय समितिले छुट्टाउँछ। जबसम्म संसदीय छानबिन समिति बन्दैन तबसम्म सदन अघि जान सक्दैन।' थापाको भनाईपछि सभामुख घिमिरेले गृहमन्त्रीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई बोल्ने समय दिएका थिए। तर कांग्रेसको लगातारको अवरोधपछि बैठक १५ मिनेटका लागि स्थगित भयो। झन्डै एकघण्टापछि शुरु भएको दोस्रो बैठकमा पनि कांग्रेसले अवरोध जारी राखेपछि



कांग्रेस र गगन थापाजीहरूले आरोप लगाएजस्तो मैले खुद आफैले फारम भरेर उक्त सहकारी बाट ऋृण लिएको प्रमाणित गरिदिनुस्, म राजनीति छोडिदिन्छु

■ **रवि लामिछाने**
**उपप्रधान तथा गृहमन्त्री**



यहाँ गृहमन्त्रीमाथि सहकारीको करोडौं रूपैयाँ अपचलन गरेको आरोप लागेको छ। तर कुनै अभियोजन भएको छैन। के गृहमन्त्रीले आफैं फारम भरेर एक अर्ब रूपैयाँ ऋृण लिएको प्रमाण पेस गरौं ?

■ **गगन थापा**
**महामन्त्री, नेपाली कांग्रेस**

प्रतिनिधि सभाको बैठक जेठ १ गते साँझ ६ बजे बस्नेगरी स्थगित गरिएको छ।

यता राष्ट्रिय सभाको बैठकमा पनि नेपाली कांग्रेसले सहकारी ठगी प्रकरणमा गृहमन्त्रीको राजीनामा माग्दै अवरोध गरेको थियो। शुक्रबारको पहिलो बैठकमा दलका नेताहरूले आफ्नो धारणा राखे। सोही क्रममा राष्ट्रिय सभामा कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले संसदीय समिति नबनेसम्म सदन अघि बढ्न नसक्ने बताएका थिए। दोस्रो बैठकमा कांग्रेसका सचेतक कृष्ण रोकायले दलको तर्फबाट मन्तव्य राख्दै सदन अवरोध शुरु गरेका थिए। त्यसपछि राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहालले बैठक जेठ १ गतेसम्मका लागि स्थगित गरे। सरकारले जेठ १ गते सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यतालिका सार्वजनिक गरेको छ। आगामी बजेट प्रस्तुत गर्नु १५ दिन अघि सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। सरकारले हरेक जेठ १५ गते बजेट ल्याउने परम्परा छ। यसपटक भने सहकारीमा गृहमन्त्रीको संलग्नता आरोप लागेको कारण सदनमा अवरोध जारी छ। यसअघिको अधिवेशन पनि कांग्रेसको अवरोधका कारण वैशाखको पहिलो हप्ता नै अन्त्य गरिएको थियो। संसद बैठकअघि नेपाली कांग्रेस संसदीय दलको बैठकले छानबिन समितिलाई बटम लाइन बनाउने निर्णय गरेको थियो।

कांग्रेसले गृहमन्त्री लामिछानेले आफैले सहकारीको रकम अपचलन गरेको प्रमाण भेटिएको भन्दै संसदीय दलमा सांसदहरूलाई कागजपत्रसमेत बाँडेको थियो। 'सहकारीमा बचत जम्मा गरेका नागरिकको फिर्ता ग्यारेन्टी गर्ने, अपचलन गर्नेमाथि कारबाही गर्ने र गृहमन्त्रीको पनि संलग्नता देखिएकाले निष्पक्ष होस् भन्ने सुनिश्चितताका लागि संसदीय छानबिन समिति माग गरेका छौं। त्यो आवश्यक छ भन्ने थप पुष्टि भएको छ। त्यस विषयमा स्वतन्त्र छानबिनको पुनः माग गरेका छौं,' बैठकपछि कांग्रेस प्रमुख सचेतक रमेश लेखकले भने।

### सरकारले नै वातावरण बिगार्‍यो : थापा

कांग्रेस महामन्त्री थापाले छानबिन समिति गठनको क्रममा सरकारले नै वातावरण बिगारेको तर्क गरेका छन्। 'गृहमन्त्रीले राजीनामा दिनु पर्दैन संसदीय छानबिन समिति गठन गरौं' भन्दा पनि सत्ता पक्षले नमानेको थापाको भनाइ थियो।

'सरकार आफैं निहुँ खोज्न आएको, वातावरण बिगार्न आएको र सरकारकै कारण अप्ठ्यारो सिर्जना भएको र अब संसदको कुनै पनि कामकारबाही अघि बढ्ने कुरामा नेपाली कांग्रेसको साथ रहँदैन, जबसम्म संसदीय छानबिन समिति बन्दैन,' थापाले भने।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## विदेशको कमाइले स्वदेशमा उद्यमी

# डेढ विघामा कृषि फार्म

■ प्रभाव संवाददाता

**बेलबारी (मोरङ)-** लामो समय वैदेशिक रोजगारीको कमाइले मोरङका युवा स्वदेशमा उद्यमी बनेका छन्। करिब सात वर्षअघि मोरङको बेलबारी-९ डाँगीहाटमा एक करोड रूपैयाँ लगानीबाट सुरु भएको कृषि फार्मले हाल वार्षिक सबै खर्च कटाएर ५० लाख रूपैयाँ आम्दानी गरिरहेको छ।

वैदेशिक रोजगारीबाट फर्किएका युवा व्यवसायी होमनाथ बास्कोटा, राजु डाँगी, जितेन्द्र दाहाल र स्वदेशमै रोजगारी गरिरहेका नगेन्द्र अधिकारी, विष्णु बस्नेत र गोविन्द अधिकारीले २०७४ सालमा लेयर्स जातको कुखुरा पालनबाट सुरु भएको फार्ममा हाल उन्नत जातका बाख्रा र मेवा खेती पनि रहेका छन्।

करिब डेढ दशकसम्म विदेशमा बिताएर फर्किएपछि उनीहरूले मिलेर अण्डा दिने कुखुरापालन गर्न थालेका हुन्। डेढ बिघा जमिन क्षेत्रफलमा रहेको उक्त फार्ममा रहेका १७ हजार लेयर्स कुखुरा फार्मबाट दैनिक १३ हजार अण्डा उत्पादन भइरहेको सञ्चालक होमनाथ बताउँछन्। 'अहिले अण्डाको आम्दानीले विदेशलाई नै भुलाएको छ,' बास्कोटाले भने, 'प्रतिगोटा १२ रूपैयाँका दरले बेचिरहेको अण्डाबाट दैनिक एक लाख ५६ हजार रूपैयाँको बिक्री हुने गरेको छ।'

> करिब डेढ दशकसम्म विदेशमा बिताएर फर्किएपछि होमनाथ बास्कोटा, राजु डाँगी, जितेन्द्र दाहालबलगायतले मिलेर अण्डा दिने कुखुरापालन गर्न थालेका हुन्। डेढ बिघा जमिन क्षेत्रफलमा रहेको उक्त फार्ममा रहेका १७ हजार लेयर्स कुखुरा फार्मबाट दैनिक १३ हजार अण्डा उत्पादन भइरहेको सञ्चालक होमनाथ बताउँछन्।

उनका अनुसार उत्पादित अण्डा ७० प्रतिशत स्थानीय बजारमा खपत हुन्छ भने ३० प्रतिशत बाहिरको बजारमा खपत हुँदै आएको छ। स्थानीय धरान, विराटनगर, इटहरी, दमकलगायत पूर्वका सहरमा अण्डा जाने गरेको उनले बताए। आफूले यो बीचमा कुखुरासम्बन्धी प्राविधिक ज्ञानसमेत लिएको बताउँदै उनले भने, 'कुखुरा बाख्रालगायतमा कुनै रोग लागे पशु डाक्टरको ठूलो अभाव रहेको छ।'

मिर्मिरे एग्रो प्रालि नाम रहेको उक्त कृषि फार्ममा कुखुराका साथै बाख्रापालन पनि रहेको छ। खरी, बोयर, पिटर र जामुनापारी जातका ८० को संख्यामा बाख्रा रहेका छन्। बाख्राको माग उच्च रहेको जनाउँदै सञ्चालक होमनाथले व्यावसायिक बाख्रापालनमा राम्रो आम्दानी रहेको दाबी गरे। उक्त फार्ममा कुखुरा र बाख्रासँगै मेवाखेती पनि रहेको छ। चार कट्ठा जमिनमा ३५० बोट मेवा रहेका छन्। एउटा बोटमा एक याममा ६० किलोदेखि १०० किलोसम्म फल्ने गरेको फार्म सञ्चालक होमनाथ बताउँछन्। होलसेल मूल्यमै हाल ९० रूपैयाँ प्रतिकिलोका दरले विराटनगरमा बिक्री भइरहेको उनी बताउँछन्।

खुला सिमानाका कारणले उत्पादित अण्डाको मूल्यमा एकरूपता आउन नसकेको जनाउँदै कुखुराले खाने चारोको मूल्य वृद्धिको अनुपातमा अण्डाको मूल्य बढ्न नसकेको फार्म सञ्चालक होमनाथ बताउँछन्। स्थानीय पालिकाले कृषि तथा पशुको पकेट क्षेत्र तोक्न आवश्यक रहेको उनले बताए। पकेट क्षेत्र तोक्दा कृषि पशुपालन क्षेत्र व्यवस्थित हुनुका साथै कृषक लाभान्वित हुने उनको भनाइ छ। *रासस*

## अमेरिका पठाइदिने बहानामा साढे पाँच करोड ठगी गर्ने गिरोह पक्राउ

**काठमाडौं (प्रस)-** काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले अवैध बाटोबाट अमेरिका तथा क्यानडा पठाइदिने प्रलोभन देखाइ विभिन्न व्यक्तिसँग पाँच करोड ५० लाख रूपैयाँ ठगी गर्ने गिरोहलाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका-२ घर भइ हाल काठमाडौं बूढानिलकण्ठ नगरपालिका-११ कपन बस्ने ४७ वर्षीय टासी शेर्पा, सिन्धुपाल्चोक साविक कर्थली गाविस-१ घर भई हाल काठमाडौं गोकर्णेश्वर-५ जोरपाटी बस्ने ४२ वर्षीय ङिमबुटी शेर्पा तथा सिन्धुपाल्चोक जुगल गाउँपालिका-१ घर भई हाल गोकर्णेश्वर-५ जोरपाटी बस्ने १९ वर्षीया निमा शेर्पा रहेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सानुराम भट्टराईले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए।

उनका अनुसार पक्राउ परेकाहरूले वैदेशिक रोजगारीका लागि अमेरिका तथा क्यानडालगायतका देशमा पठाइदिन्छौं भनी विभिन्न तवरले विश्वास दिलाई विभिन्न व्यक्तिको राहदानी, फोटो, प्रहरी प्रतिवेदन, बैंक स्टेटमेन्ट, कोभिड क्युआर कोड, पहेँलो ज्वरो कार्डसमेतका कागजातहरू लिएर विभिन्न शीर्षकमा रकम ठगी गरेका थिए।

ती व्यक्तिहरूले आफ्नो तथा अन्य व्यक्तिको बैंक खातामा पटक-पटक गरी नगद जम्मा गर्न लगाई तथा नगदै रकमसमेत लिई दुबई हुँदै केन्यामा पुर्‍याएका थिए। पक्राउ परेकाहरूलाई मानव तस्करी गरी ठगी गरेको अपराधमा थप आवश्यक कारबाहीका लागि प्रहरी परिसर टेकु काठमाडौं पठाइएको उनको भनाइ छ।




# जावलाखेलमा स्नान कक्षसहितको सार्वजनिक शौचालय

**पाटन (ललितपुर)**- ललितपुर महानगरपालिकाले जावलाखेलमा स्नान कक्षसहितको सार्वजनिक शौचालय सञ्चालनमा ल्याएको छ । महानगरपालिका प्रमुख चिरिबाबु महर्जनले बिहीबार एक समारोहका बीच शौचालयको शुभारम्भ गरे ।

सोही अवसरमा उनले ललितपुर महानगरभित्रका शौचालयहरू सफा र आपंगतामैत्री बनाउँदै लगेको बताए । 'शौचालय भन्नेबित्तिकै फोहोर र गन्हाउँछ भन्ने आमधारणा छ । त्यो धारणा बदल्न महानगरले शौचालय सुधारमा जोड दिएको छ । शौचालयको सहजरूपमा प्रयोग गर्नेगरी सफासुग्घर राख्ने हाम्रो योजना छ । सोहीअनुसार हाल शौचालय निर्माण भइरहेका छन्,' उनले भने ।

असल अभ्यासहरू अवलोकन गर्ने क्रममा करिब डेढ वर्षअघि बंगलादेश पुग्दा शौचालय पनि त्यति धेरै सफा र राम्रा हुँदा रहेछन् भन्ने थाहा पाएपछि महानगरका सबै वडामा त्यस्तै सुविधा सम्पन्न शौचालय बनाउनेगरी योजना अगाडि बढाएको उनको भनाइ छ । महानगरपालिकाले लगनखेलमा पनि जावलाखेल, मंगलबजार र पाटनढोकामा जस्तै अत्याधुनिक शौचालय बनाउने तयारी गरिरहेको छ । लगनखेलनमा अत्याधुनिक शौचालय निर्माणका लागि डिपिआर भइरहेको नगरप्रमुख महर्जनले जानकारी दिए ।

महानगर वडा नं ४ का अध्यक्ष सन्तोष खड्काले जनघनत्वको अत्यधिक चाप भएका ठाउँमा सार्वजनिक शौचालय निर्माण हुँदा धेरै नागरिक लाभान्वित हुने बताए । उनले भने, 'हाम्रो वडामा सदर चिडियाखाना छ । यहाँ भ्रमणमा आउनेहरूका लागि शौचालयको धेरै समस्या पर्ने गरेको छ । त्यसैलाई मध्यनजर गरी सञ्चालनमा ल्याइएको यो सार्वजनिक शौचालयले थोरै भए पनि समस्या समाधान गर्न सघाउ पुग्ने छ ।'




कार्यक्रममा सामाजिक संस्था एरोशानकी अध्यक्ष सोनी श्रेष्ठले शौचालय निर्माण र शुभारम्भले मात्रै नहुने भन्दै त्यसको दीर्घकालीन व्यवस्थानमा ध्यानदिनुपर्ने बताइन् । अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वाटर एडका राष्ट्रिय निर्देशक सुदर्शन न्यौपानेले खानेपानी, सरसफाइ र स्वच्छतालाई संस्थाले प्राथमिकतामा राखेर काम गरिरहेको र शौचालयको दिगो व्यवस्थापनका लागि सहकार्य गर्न तयार रहेको बताए ।

ललितपुर महानगरले एक वडा एक सार्वजनिक शौचालयको नीतिअनुसार हाल महानगरका वडा नं ८, ९, २, १०, २४, २५ र २७ मा शौचालय निर्माणका काम भइरहेको जानकारी दिएको छ । *रासस*

# शिक्षक महासंघको अध्यक्षमा लक्ष्मीकिशोर

**काठमाडौं (प्रस)**- नेपाल शिक्षक महासंघको दोस्रो राष्ट्रिय महाधिवेशनबाट लक्ष्मीकिशोर सुवेदीको नेतृत्वमा ७५ सदस्यीय नयाँ नेतृत्व घोषणा भएको छ । सुवेदी यसअघि महासंघको महासचिव थिए ।

यही वैशाख १० गतेदेखि सुरु भएको दोस्रो राष्ट्रिय महाधिवेशनबारे आपसी सहमति हुन नसेपछि नयाँ नेतृत्व घोषणामा विलम्ब भएको थियो । महासंघको एक मुख्य समूह नेपाल राष्ट्रिय शिक्षक संगठनले महाधिवेशनमा भाग नलिएपछि विवाद भएको हो । विधानविपरीत एकपक्षीय ढंगले जिल्ला समितिहरू घोषणा गरिएकाले महाधिवेशन रोक्न आफूहरूले राखेको प्रस्ताव स्वीकार नगरिएको भन्दै संगठनले भाग लिएको थिएन । सहमति जुट्न नसकेपछि संगठनको कोटामा महासचिवलगायत ११ पद खाली राखेर महासंघको नेतृत्व चयन गरिएको र संगठनलाई सहमतिमा ल्याउन वार्ता समिति गठन गरिएको अध्यक्ष सुवेदीले जानकारी दिए ।

महासंघको सदस्यता नवीकरण, विद्यालयमा नवनियुक्त शिक्षक, प्राविधिक समूहका शिक्षक सदस्यताबाट वञ्चित भएका, लोकतान्त्रिक विधिलाई निषेध गरिएको संगठनका महासचिव हंशबहादुर शाहीले बताए ।


सुदूरपश्चिम प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
कञ्चनपुर

**बोलपत्र रद्द सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८१/०१/२९ गते

यस कार्यालयबाट ठेक्का नं.IDOKANCHANPUR/W/NCB/R–M/079/080–01 "Construction & upgrading work of Border Road Coridar (Baijudada dekhi Uviyaphata Section, Chainage No/0 + 000 to 9 + 040)" तथा ठेक्का नं.IDOKANCHANPUR/W/NCB/R–M/079/080–02 " Construction & upgrading work of Border Road Coridar (Pyratal Govind Gautam Park Section, Chainage No. 25 + 000 to 9 + 040)" को निर्माणका लागि मिति २०८०/०१/२० गतेको "प्रभाव" राष्ट्रिय दैनिकमा बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोमा उक्त सडक निर्माणको बोलपत्र Bid Document को ITB clause 37 र सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ बमोजिम रद्द गरिएको व्यहोरा सम्बन्धित सम्पूर्णमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यालय प्रमुख


## पृष्ठ १ बाट क्रमशः

### सगरमाथा...

यही यामबाट सगरमाथा आरोहीहरूका लागि चिप अनिवार्य गरिएको विभागका महानिर्देशक बुढाले बताए । चिपका कारण आरोहीको उद्धारमा सहज हुने भएकाले सरोकारवाला निकायसँगको छलफल र सहमतिपछि लागू गरिएको उनको भनाइ छ ।

उनका अनुसार आरोहणका क्रममा हुने दुर्घटना र हराएकाहरूको खोजी र उद्धारमा सहजीकरणका लागि चिप अनिवार्य लगाउनुपर्ने व्यवस्था गरिएको हो । यस्तो चिप सम्बन्धित एजेन्सीले उपलब्ध गराउनुपर्ने छ । यसका लागि आरोहीले १० देखि १५ अमेरिकी डलर तिर्नु पर्ने छ । चिप 'पेन ड्राइभ' आकारको हुने छ । यसलाई आरोहीले ज्याकेटमा राख्नपर्छ । सगरमाथा आरोहण सकेर फर्किएपछि चिप सम्बन्धित एजेन्सीलाई बुझाउनुपर्ने छ ।

विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखा निर्देशक राकेश गुरुङका अनुसार 'सर्च एन्ड रेस्क्यू' प्रयोजनका लागि यो याममा हरेक आरोहीलाई चिप अनिवार्य गरिएको बताए । 'कतिपयले जिपिएस ट्रेकिङ भनिरहेका छन् तर यो सर्च एण्ड रेस्क्युका लागि चिप अनिवार्य गरिएको हो । अन्तर्राष्ट्रिय रूपमा सबैजसो मुलुकका आरोहीले प्रयोग गर्छन् त्यसैले यो निकै प्रभावकारी हुने अनुमान गरिएको छ,' निर्देशक गुरुङले भने ।

#### अनुगमन तथा सहजीकरण समिति

सन् २०२४ को वसन्त ऋतुमा खुम्बु क्षेत्रमा रहेका हिमालहरूमा हुने पर्वतारोहण तथा सम्पर्क अधिकृतहरूको खटनपटनलगायत अन्य सबै गतिविधिहरूको नियमन तथा सहजीकरण गर्न पर्वतारोहण अनुगमन तथा सहजीकरण समिति (खुम्बु क्षेत्र) गठन गरिएको छ । विभागका महानिर्देशक बुढा संयोजक रहेको १० सदस्यीय समितिमा विभिन्न मन्त्रालय र नियकायका प्रतिनिधि छन् ।

#### चार सयभन्दा बढीले लिए आरोहणको अनुमति

पर्यटन विभागका अनुसार वसन्त ऋतुमा सगरमाथा आरोहणका लागि हालसम्म ४१ आरोही समूहका ७५ महिला र ३३९ पुरुष गरी कूल ४१४ ले अनुमति लिएका छन् । अघिल्लो वर्ष हालसम्कै सर्वाधिक ४७८ आरोहीले सगरमाथा आरोहण अनुमति लिएका थिए ।

यो याममा सगरमाथासहित ३० हिमाल आरोहणका लागि ११२ आरोही समूहका ९७१ जनाले अनुमति लिएका छन् । हिमाल आरोहणको अनुमतिबापत् हालसम्म ६७ करोड ४७ लाख रूपैयाँ रोयल्टी जम्मा भएको छ । सगरमाथा हिमालबाट मात्रै ५९ करोड २३ लाख रूपैयाँ रकम उठेको छ । वसन्त ऋतुको सगरमाथा आरोहणका लागि चौथो शिविर (साउथ कोल, ७९५० मि.) सम्म बाटो खुलेको विभागले जनाएको छ । यही मे १२ सम्म रोप फिक्सिङको काम सकिएर आरोहण सुरु हुने विभागका निर्देशक गुरुङले बताए ।

#### आठ हजार हाराहारीले चढे सगरमाथा

पर्यटन विभागले प्रकाशन गरेको 'माउन्टेनरिङ इन नेपाल, फ्याक्ट एन्ड फिगर-२०२३' का अनुसार नेपाली तेञ्जिङ नोर्गे शेर्पा र न्युनिल्यान्डका सर एडमन्ड हिलारीले आरोहण सुरु गरेयता हालसम्म सात हजार ६२६ आरोहीले सगरमाथाको सफल आरोहण गरिसकेका छन् ।

यो सन् २०२२ सम्मको तथ्यांक हो । सन् २०२३ को आरोहण जोड्दा यो संख्या करिब आठ हजार पुग्छ । उक्त वर्ष सगरमाथा चढ्न ४७८ जनाले अनुमति लिएका थिए । तीमध्ये कतिले सफल आरोहण गरे यकीन विवरण विभागसँग छैन । दुई साहसी पर्वतारोही तेञ्जिङ नोर्गे र एडमन्ड हिलारीले सन् १९५३ मे २९ तारिखका दिन पहिलोपटक विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गरेका थिए । *रासस*

### प्रधानमन्त्री...

'नेपाली कांग्रेस सदन चल्नुपर्छ भन्ने कुरा गम्भिर छ । हाम्रो जम्मा एउटा कुरा थियो । यो संसदले छानविन समिति बनाउँदै गर्दा यो छानविन समितिमा नेकपा एमाले बस्ने होला, माओवादी बस्ने होला । रास्वपा बस्ने होला । सरकारकै कारणले गर्दा यो अप्ठयारो सिर्जना भएको हो । अब संसदको कुनै पनि काम कारबाही अगाडि बढ्ने कुरामा नेपाली कांग्रेसका साथ रहँदैन । जबसम्म संसदीय छानविन समित बन्दैन,' उनले भने ।

थापाले गृहमन्त्रीमाथि करोडौं रूपैयाँ अपचलनको प्रमाण हुँदा पनि प्रधानमन्त्री दाहालले झुट बोलेर बचाएको आरोपसमेत लगाए । 'यहाँ गृहमन्त्रीमाथि सहकारीको करोडौं रूपैयाँ अपचलन गरेको आरोप लागेको छ । तर कुनै अभियोजन भएको छैन । अनुसन्धानसम्म पनि भएको छैन । प्रधानमन्त्री आफैं संसद्मा उभिएर झुट बोल्नुभएको छ । के यहाँ गृहमन्त्रीले आफैं फारम भरेर एक अर्ब रूपैयाँ ऋण लिएको प्रमाण पेस गरौं ? कुन-कुन प्रमाणहरू पेस गरौं ? यही कुरा हामीले संसदीय समितिबाट छानबान गरौं भनेका हौं,' थापाले भने ।

#### ऋण मागेको प्रमाणित भए राजनीति छाड्छु : गृहमन्त्री लामिछाने

गृहमन्त्री लामिछानेले आफूले सहकारीमा ऋण मागेको प्रमाणित भए राजनीति नै छाड्ने घोषणा गरेका छन् । 'कांग्रेस र गगन थापाजीहरूले आरोप लगाएजस्तो मैले खुद आफैले फारम भरेर उक्त सहकारी बाट ऋण मागेको/लिएको प्रमाणित गरिदिनुस्, म राजनीति छोडिदिन्छु,' लामिछानेले भने ।

आफूलाई सदनमा एकपटक बोल्ने मौका पनि नदिएको भन्दै लामिछानेले रोष पोखेका छन् । आफूले एकपटक बोल्न पाए कांग्रेसको माग सामसुम हुने दाबीसमेत उनले गरे । 'मलाई मात्र एकपटक बोल्न दिन तपाईहरू चाहिँ किन डराएको ? डर र रबि लामिछाने एकै ठाउमा बस्दैनन् थापा जी । एक पटक बोल्न त दिनुस्, संसदीय छानबिन समिति मागको दोकान तत्काल बन्द हुन्छ ।'

लामिछानेले आफूले अहिलेसम्म कसैले नठगेकोसमेत तर्क गरेका छन् । 'रास्वपा परिवारका साथीहरू, शिर ठाडो राख्नु होला । तपाईंको सभापतिले आजसम्म कसैलाई ठगेको छैन,' उनले भनेका छन् ।

#### संसदमा ओलीको अनौठो दृश्य

छानबिन समिति कुनै पनि हिसाबमा बन्न नहुने अडान लिएका एमाले अध्यक्ष केपी शर्मा ओलीले शुक्रबारको सदनमा उपस्थित थिए । तर कांग्रेसले अवरोध शुरु गरेपछि भने बैठक छाडेर निस्किए । सभामुख घिमिरेले बैठकको कार्यसूचीमा प्रवेश गर्न खोजेपछि कांग्रेसका सांसदहरूले उठेर विरोध जनाएका थिए । शुक्रबारदेखि सुरु भएको संसद्को बजेट अधिवेशनको पहिलो दिनको बैठकमा राष्ट्रपति कार्यालयको पत्र, दलीय आधारमा सम्बोधन र विधेयकसम्बन्धी सभामुख घिमिरेले बैठकको कार्यसूचीमा प्रवेश गर्न खोजेपछि कांग्रेसका सांसदहरूले उठेर विरोध जनाएका थिए ।

त्यसअघि एमालेको संसदीय दलको बैठकमा सम्बोधन गरेका ओलीले कांग्रेसले सरकार ढलाउनका लागि चलखेल गरिरहेको आरोप लगाएका थिए । उनले लामिछानेको बचाउ गर्दै समिति गठन गर्नासाथ कांग्रेसले गृहमन्त्रीको राजीनामा माग्ने बताएका थिए । संसद अवरोध जारी भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल र एमाले अध्यक्ष ओलीलाई सरकार सञ्चालनमा सकस पर्ने भएको छ ।


**मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

परमान तामाङको नाती बिने तामाङको छोरा कोशी प्रदेश सोलुखुम्बु जिल्ला साविक लोखिम गा.वि.स. वडा नं. ७५ भई परिवर्तित थुलुङ दुधकोशी गाउँपालिका वडा नं. ९ बस्ने ना.प्र.नं. ३५२९।१४७४ जारी मिति २०३८।०९।०६ जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुको वर्ष ८९ को रण बहादुर तामाङले तपसिलमा उल्लेखित जग्गाको श्रेस्ता कायम नरहेको मेरो आफ्नै नाममा नापी नक्सा दर्ता कायम भई मेरै हकभोग चलनमा रहेको हालसम्म कोही कसैलाई हक हस्तान्तरण समेत नगरेको, सक्कल जग्गाधनी प्रमाण पुर्जा हराएकोले नापी फिल्डबुकको आधारमा श्रेस्ता कायम गरी पाउ भनी द.नं. २०१९ मिति २०८१।०१।१३ को निवेदनबाट माग दावी गरेकाले माग बमोजिम निवेदकका नाममा श्रेस्ता कायम गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको र टाँस भएको मितिले बाटाको म्यादबाहेक ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला । अन्यथा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| निवेदकले नामसारीका लागि माग दावि गरेका जग्गाको विवरण | | | | | | सूचनाको व्यहोरा |
|---|---|---|---|---|---|---|
| क.सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. | कैफियत |
| १. | सोलुखुम्बु | लोखिम | ७ | ६४ | १८९० व.मि. | सक्कल जग्गाधनी प्रमाण पुर्जा श्रेस्ता कायम नभई हराएको । |

इति संवत् २०८१ साल वैशाख महिना २७ गते रोज ०५ शुभम्......।



**शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना**

पहिलो पटक सूचना प्रकाशित मितिः २०८१/०१/२९

यस सामुदायिक वन उपभोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २५२८ मिति २०८०/११/२४ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको मिति २०८१/०१/२५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, खयर र अन्य जातका गोलिया थान १९८ को ९३७.७७ क्यू.फि. काठ र साल जातको दाउरा २.०० चट्टा, अन्य जातको दाउरा १.५० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको दिउँसो १२:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

श्री बुका सामुदायिक वन उपभोक्ता समूह
राप्ती सोनारी-१, कुसुम, बाँके



श्री सिद्धबाबा सामुदायिक वन उपभोक्ता समूह
राप्ती सोनारी गा.पा.-६, बाँके

**गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सुचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०१/२९ गते )

यस समुदायिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको वन क्षेत्रमा समुहको स्विकृत वन व्यवस्थापन अनुसार डि.व.का. च.नं. १७६३ मिति २०८०/९/२६ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा समुहमा आन्तारिक खपत नै बाँकी रहेका काठ दाउरा डि.व.का. बाँकेको च.नं. ३४२३ मिति २०८१/१/२४ को वाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्धीमा रहेका साल, सिसौ, जामुन, कर्मा, खयर बोटधाइरो, बर्रो, दबदबे कुसुम र विसैधा लगायत जातका गोलिया थान-१२५ को ९७५.६२ क्यू. फि. काठ, र साल दाउरा ०.५० चट्टा, सिसौं दाउरा ०.२५ चट्टा र अन्य जातका दाउरा ८.७५ चट्टा हाला जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्ने खर्चमा उठाई नैजाने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले सुचिकृत भएका उद्योगी स:मिलहरूले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र बोलपत्र खरिद गारी २२औं दिनको कार्यालय समयसम्म सिलबन्दी बोलपत्र दाखिला गर्न हुन आव्हान गरिन्छ । विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरेको व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ ।



**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : CONTINENTAL INTERNATIONAL GENERAL TRADING CO. W.L.L.
पूर्व स्वीकृति मिति २०८०/०९/२० पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२८ LT. No. 297598 चलानी नं. ६०२१२६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook (Bakery/pastry) | 15 | 0 | 170 | ७३,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Salesperson | 20 | 20 | 140 | ६०,९१५ | | | | | | | |
| 3 | Waiter | 20 | 20 | 140 | ६०,९१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ७ गते (20th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 4379450, P.O.Box: 7764
Mobile: 9802356846, 9802356847, 9863194839, 9863194834, 9863194832, 9863194833, 9863194835
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



**मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : JSC SECURITY SERVICES SDN.BHD.
पूर्व स्वीकृति मिति : २०७९/१२/२४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२८ LT. No. 284215 चलानी नं. ६०१९९७११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 6 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MAED MOHAMMED AL-UMMER GENERAL CONTRACTING EST
पूर्व स्वीकृति मिति : २०८०/०९/०८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२८ LT. No. 296994 चलानी नं. ६०२१२०३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



**कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MAJESTIC RESTAURANT MANAGEMENT COMPANY
पूर्व स्वीकृति मिति : २०८०/१०/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२८ LT. No. 299517 चलानी नं.६०२१४४५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 40 | 40 | 85 | ३६,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook/chef Assistant | 39 | 0 | 150 | ६५,२७५ | | | | | | | |
| 3 | Driver | 20 | 0 | 150 | ६५,२७५ | | | | | | | |
| 4 | Security Guard | 20 | 0 | 130 | ५६,५७५ | | | | | | | |
| 5 | Waiter/waitress | 30 | 30 | 150 | ६५,२७५ | | | | | | | |

कम्पनी : CHINA RAILWAY CONSTRUCTION CORPOATION LIMITED SAUDI BRANCH
पूर्व स्वीकृति मिति २०८०/१०/०८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२८ LT No :298561 चलानी नं. ६०२१३५३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 10 | 0 | 1200 | ४२,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 10 | 0 | 1200 | ४२,५९५ | | | | | | | |
| 3 | Concrete Finishers | 5 | 0 | 1200 | ४२,५९५ | | | | | | | |
| 4 | Construction Worker | 15 | 0 | 1200 | ४२,५९५ | | | | | | | |
| 5 | Painter | 15 | 0 | 1200 | ४२,५९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



**सीपालु महिला** | नेपाल हस्तकला व्यवसायी संघ काठमाडौंले भृकुटीमण्डपस्थित नेपाल पर्यटन बोर्ड परिसरमा आयोजना गरेको हस्तकला वसन्त मेलामा माटोबाट भाँडा बनाउँदै महिला । **तस्बिरः** *हरिराम भेटुवाल/रासस*

# आकाशे पानी 'रिचार्ज' हुनेगरी खुलामञ्चको ग्रेडिङ गरिँदै

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** काठमाडौं महानगरपालिकाले खुलामञ्चको ग्रेडिङ र लेभलिङ सुरु गरेको छ। काम गर्न पूर्वाधार कम्पनीसँग आइतबार सम्झौता भएपछि सोमबारदेखि काम थालिएको महानगरपालिकाले जनाएको छ।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारको रोहवरमा भएको सम्झौतामा कम्पनीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत देवेन्द्र केसी र महानगरपालिकाका तर्फबाट सार्वजनिक निर्माण विभागका प्रमुख सुरज शाक्यले हस्ताक्षर गरेका थिए।

यस्ता पूर्वाधार निर्माण र परामर्शमा सहकार्य गर्न नेपाल सरकारको स्वामित्व भएको पूर्वाधार निर्माण कम्पनीसँग यही वैशाख १० गते नीतिगत सहमतिपत्रमा हस्ताक्षर भएको थियो। त्यसै सहमतिका आधारमा आइतबार विभागले खुलामञ्चको



ग्रेडिङ र लेभलिङका लागि सम्झौता गरेको हो।

कामको निरीक्षणका लागि प्रमुख प्रशासकीय अधिकृत परियार, कम्पनीका प्रमुख कार्यकारी अधिकृत केसी, महानगरपालिकाको सार्वजनिक निर्माण विभागका प्रमुख सुरज शाक्यसहित इञ्जिनियरहरू मञ्च पुगेका थिए। त्यस अवसरमा प्रमुख प्रशासकीय अधिकृत परियारले भने, 'नीतिगत निर्णय भएको १३ दिनपछि काम गर्ने सम्झौता गर्‍यौं। त्यसको भोलिपल्टैबाट काम थालिएको छ। हामी पूर्वाधार निर्माणको काम यही गतिमा अगाडि बढाउने प्रयासमा छौं।'

नेपाल पूर्वाधार निर्माण कम्पनी २०७६ असार २५ गते दर्ता भएको सरकारको स्वामित्व भएको कम्पनी हो। कम्पनीका प्रमुख कार्यकारी अधिकृत केसीले भने, 'कम्पनीका लागि यो एउटा अवसर पनि हो। यसलाई तोकिएको समयमा सम्पन्न गरिने छ।'

खुलामञ्च २३ हजार ४१५ वर्गमिटर (४६ रोपनी एक दाम) क्षेत्रमा फैलिएको छ। सार्वजनिक निर्माण विभागका प्रमुख शाक्यका अनुसार आगामी जेठ मसान्तभित्र काम सकिने छ। यसपछि बर्षाको पानी भेल भएर बग्दैन। जमिनमुनि प्रवेश गर्नेगरी काम अघि बढाइएको जनाइएको छ।

# त्रिविलाई संघीय ढाँचामा पुन:संरचना गरिने

**काठमाडौं (प्रस)-** त्रिभुवन विश्वविद्यालय (त्रिवि)लाई संघीयताको ढाँचाअनुरूप पुन:संरचना गरिने भएको छ। विश्वविद्यालयका विगतका कार्ययोजना र उपकुलपति प्रा.डा. केशरजंग बरालको सोचपत्रबमोजिम पुन:संरचनाको गृहकार्य थालिएको हो।

विश्वविद्यालयले क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयलाई थप जिम्मेवार बनाई परीक्षा प्रणालीमा विकेन्द्रीकरणको प्रक्रियालाई अझ सरलीकरण गर्ने निर्णय गरिसकेको छ। त्रिविका रजिस्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले विश्वविद्यालयलाई प्रतिस्पर्धी, स्तरीय र विश्वकै महत्त्वपूर्ण शैक्षिक गन्तव्यको रूपमा विकसित गर्न तत्काल विश्वविद्यालयले भोगिरहेका शैक्षिक, प्रशासनिक, आर्थिक एवं व्यवस्थापकीय समस्याको दिगो र भरपर्दो समाधानका लागि पहल थालिएको बताए।

विश्वविद्यालयको दृष्टिकोण-२०३० र उपकुलपतिको सोचपत्रबीच तादात्म्य कायम गरी विश्वविद्यालयमा नीतिगत एकरूपता सुनिश्चित गर्न त्रिवि सेवा अयोगका पूर्वअध्यक्ष प्रा.डा. लालुप्रसाद पौडेलको संयोजकत्वमा सुझाव समिति गठन गरिएको उनले जानकारी दिए।

विश्वविद्यालयको उपकुलपतिमा गत फागुन १० मा प्रा.डा. बराल र चैत ३० गते शिक्षाध्यक्षमा प्रा.डा. खड्ग केसी र रजिस्ट्रारमा डा. रिजाल नियुक्त भएका हुन्।


## शिलवन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशित मितिः २०८१/०१/२९**

यस सामुदायिक वन उपभोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २५८३ मिति २०८०/११/२७ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको मिति २०८१/०१/२५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, जामुन, कर्मा र अन्य जातका गोलिया थान ७० को १३६४.२ क्यू.फि. काठ र साल जातको दाउरा १.०० चट्टा, अन्य जातको दाउरा १.३० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरि २२औं दिनको दिउँसो १२:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री सुनधारा धारापानी सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी-१, कुसुम बाँके ।**



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUE MOUNT BUILDING CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/०१/२४ | LT. No. 304271 | चलानी नं. ६०२१९०७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Black Smith | 1 | 0 | 1200 | ४३,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Layer | 4 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 3 | Building Labourer | 12 | 0 | 800 | २९,११० | | | | | | | |
| 4 | Building Painters | 1 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 5 | Carpenter | 3 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 6 | Construction Carpenter | 3 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 7 | Messenger | 1 | 0 | 1500 | ५४,५८० | | | | | | | |
| 8 | Steel Fixer | 2 | 0 | 1200 | ४३,६६५ | | | | | | | |
| 9 | Tile Layer | 2 | 0 | 1200 | ४३,६६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ र ६ गते (18 & 19 May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RADHWAN BAKARY

पूर्व स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 304514 | चलानी नं. ६०२१९२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 7 | 0 | 120 | ४२,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १७२/०५६/५७

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADAM MUSA TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति: २०८१/०१/२७ | LT. No. 304525 | चलानी नं. ६०२१९२९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 7 | 2 | 1000 | ३६,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ४३५/०६०/०६१

**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAD AL MUHIT TRADING EST

पूर्व स्वीकृति मिति: २०८१/०१/२७ | LT. No. 304599 | चलानी नं. ६०२१९२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 3 | 0 | 1200 | ४२,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VELLALUR CARPENTRY & FLOORING CONTRACTING CO. LLC

पूर्व स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 304532 | चलानी नं. ६०२१९२५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Exterior Cleaner | 2 | 0 | 1000 | ३६,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labourer | 2 | 0 | 1000 | ३६,२४५ | | | | | | | |
| 3 | Carpenter | 5 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 4 | Construction Carpenter | 3 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 5 | Reinforcing Fitter Assistant | 1 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 6 | Steel Fixer | 7 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 7 | Tile Layer | 5 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 8 | Tile Layer Assistant | 5 | 0 | 1200 | ४३,४९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ६ र ७ गते (19 & 20 May 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६८४/०८०/८१

**PARADISE HUMAN RESOURCE PVT. LTD**
KMC-9, Jamuna Galli, Kathmandu, Tel: 01-5921521, 5921522, Email: paradisehuman123@gmail.com, info@paradisehumanresource.com.np, Web: www.paradisehumanresource.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED IBRAHIM AL-MESBAH CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८१/०१/२७ | LT. No.304578 | चलानी नं. ६०२१९२९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tool Cleaning Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८४/०५९/०६०

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal
Tel: +977-1-4958977, 4983277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTIONS AND MAINTENANCE CO. L.L.C. (Dubai Branch)

पूर्व स्वीकृति मिति २०८१/०१/२७ | LT. No. 304508 | चलानी नं. ६०२१९२५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 10 | 0 | 900 | ३२,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Mason | 10 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 3 | Construction Carpenter | 10 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 4 | Electrician | 10 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 5 | Painter | 10 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 6 | Painter Assistant | 12 | 0 | 900 | ३२,६२० | | | | | | | |
| 7 | Spray Painter | 10 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 8 | Stone Mason | 10 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 9 | Tile Layer | 10 | 0 | 1200 | ४३,४९५ | | | | | | | |
| 10 | Tile Layer Assistant | 8 | 0 | 900 | ३२,६२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PREMIUM HR — Govt. License 1631/080/081

**PREMIUM HUMAN RESOURCE**
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

# ती राजनीतिकर्मी यी प्रधानाध्यापक वीरबल



'भन्न त राजनीति पेसा होइन सेवा हो भन्छन् तर अधिकांश राजनीतिकर्मीले बाँचिरहेको जीवनसँग यो भनाइको तालमेल नै हुँदैन । मैलेचाहिँ भन्नलाई एउटा र बाँच्नलाई अर्को गरी दुईटा जीवन बाँच्न सकिन । त्यसैले त हुँदाखाँदाको राजनीतिक जीवनलाई चटक्क छाडेर हिँडें ।'

तीन वर्षदेखि एसएलसीमा कोही पनि उत्तीर्ण नभइरहेको अवस्थामा विद्यालय प्रवेश गरेका नवप्रवेशी वीरबल यादवमाथि स्थानीय अभिभावक र सहकर्मीहरूको आशा थपियो । सानैदेखि आफ्नो जिम्मामा आएको काम जसरी पनि फत्ते गरिछाड्ने संकल्पसहित डटेर लाग्ने स्वभावका यादवले त्यही निष्ठाका साथ काम गरे । अन्ततः उनीलगायत सहकर्मीको योगदानका कारण विद्यालयसँग जोडिएको पहिलो वर्षमै १७ जना विद्यार्थीमध्ये १५ जना उत्तीर्ण भए ।

**■ टीकाराम सुनार/सुदीप राउत**

प्रजातन्त्र स्थापनापछि २०५४ जेठमा हुन लागेको दोस्रो स्थानीय निकायको निर्वाचनताका वीरबल यादव भर्खर २५ वर्षमा टेकाका थिए । कुशल शिक्षक बन्ने सपना बुनेर केही वर्षअघि ओखलढुंगाको राज्यलक्ष्मी मावि, उबुमा प्रवेश गरेका यादव हुँदाखाँदाको जागिर छाडेर जन्मस्थान सिरहाको बरियारपट्टि फर्किएको धेरै भएको थिएन । त्यहीबेला चुनावको सरगर्मी बढ्यो । राजनीतिक दलहरूले स्थानीयस्तरमा राम्रो प्रभाव भएका परिवार र धेरै मत बटुल्न सक्ने व्यक्तिको खोजी गर्दै थिए । शिक्षा संकायबाट स्नातक (बिएड) पढेका थोरै युवामध्ये टाठाबाठा र जुझारु स्वभावका यादवमाथि धेरै पार्टीको नजर पर्‍यो । उनी नेपाल कम्युनिस्ट पार्टी (एमाले) बाट गाविस अध्यक्षको उम्मेदवार बन्ने माहोल बन्यो ।

'शिक्षक बन्न हिँडेको मान्छे राजनीतिमा धेरै रुचि थिएन । साथीभाइले निकै जोड गरेपछि चुनावमा उम्मेदवार हुनैपर्ने भयो । उम्मेदवार त भइयो तर गाउँका क्लबहरूमार्फत समाजसेवा गरेको र विद्यालयमा पढाउनेबाहेक अर्को अनुभव थिएन । नभन्दै सबैको इमान्दार सहयोगबाट अध्यक्षमा निर्वाचित भइयो,' यादवले राजनीतिक जीवनको सुरुआती दिन सम्झिए ।

अध्यक्षमा निर्वाचित भएपछि हो यादवको राजनीतिक जीवन सुरु भएको । उनी आफ्नो राजनीतिक जीवनबारे भन्छन्, 'चाहेर वा नचाहेर राजनीतिमा प्रवेश गरिसकेपछि पढेलेखेका युवाप्रतिको भरोसा, विश्वास र अपेक्षाको दबाबमा थिएँ । त्यो भरोसा, विश्वास र अपेक्षालाई टुटाउने वा असफल हुने छुट मलाई थिएन । त्यसैले आफूले जानेको, बुझेको र क्षमताले भ्याएसम्म राम्रो गर्ने प्रयासमा लागेँ ।'

उनी आफ्नो कार्यकालमा शिक्षा र कृषिलाई प्राथमिकतामा राखेर काम गरेको बताउँछन् । जिम्मेवारीका हिसाबले गाविस अध्यक्ष भए पनि अनुभव, रुचि र क्षमताका हिसाबले आफूलाई शिक्षा क्षेत्रभन्दा पर बस्न नसकेको बताउने यादवले अध्यक्ष भएकै बेला पनि स्वयंसेवी शिक्षकको रूपमा पढाउन नछोडेको सुनाए । 'त्यो समयमा बजेट निकै कम थियो तर पनि आफू पढेको विद्यालयलाई मावि बनाउनैपर्ने आवश्यकता थियो । सोहीअनुसार विद्यालयको स्तरोन्नति गरियो तर पढाउने जनशक्तिको अभाव थियो । त्यही अभाव पूर्ति गर्न मलगायत अन्य केही साथीहरूले स्वयंसेवी शिक्षकका रूपमा काम गर्‍यौं,' यादवले भने । त्यसैगरी उनले सो क्षेत्रमा विकराल समस्याका रूपमा रहेको सिँचाइका लागि जनश्रमदानमार्फत गार्गन खोलामा कच्ची बाँध बाँधेर किसानको खेतसम्म पानी पुर्‍याएको बताए ।

### यसरी मोडिए राजनीतिमा

वि.सं. २०४४ मा सिरहास्थित चन्द्र माध्यमिक विद्यालयबाट प्रवेशिका परीक्षा (एसएलसी) उत्तीर्ण यादवले भारतको विहारस्थित विहार इन्टर काउन्सिलबाट विज्ञान विषयमा प्लस टूसम्मको अध्ययन गरे । पछि सूर्यनारायण सत्यनारायण मोर्बैत्ता यादव बहुमुखी क्याम्पस (सिरहा क्याम्पस) बाट शिक्षा संकायबाट बिएडसम्मको अध्ययन गरे । त्यसपछि उनले २०५२ देखि २०५४ सम्म ओखलढुंगाको राज्यलक्ष्मी माविमा राहत शिक्षकका रूपमा अध्यापन गराए । यो यादवको अध्यापन यात्राको सुरुआती थियो ।

तीन वर्षदेखि एसएलसीमा कोही पनि उत्तीर्ण नभइरहेको अवस्थामा विद्यालय प्रवेश गरेका नवप्रवेशी यादवमाथि स्थानीय अभिभावक र सहकर्मीहरूको आशा थपियो । सानैदेखि आफ्नो जिम्मामा आएको काम जसरी पनि फत्ते गरिछाड्ने संकल्पसहित डटेर लाग्ने स्वभावका यादवले त्यही निष्ठाका साथ काम गरे । अन्ततः उनीलगायत सहकर्मीको योगदानका कारण विद्यालयसँग जोडिएको पहिलो वर्षमै १७ जना विद्यार्थीमध्ये १५ जना उत्तीर्ण भएको उनले बताए । 'माध्यमिक तहमा गणित, विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षालगायत मुख्य विषय मैले नै पढाउनुपर्ने भयो । कक्षा १० मा मात्र मैले पाँच विषय पढाउनुपर्ने भयो । शिक्षक अभावका कारणले मात्रै होइन, त्यसलाई ममाथिको भरोसाका रूपमा लिएर काम गरे । यसकारण लगातार तीन वर्षदेखि एसएलसीमा शून्य नतिजा ल्याइरहेको विद्यालयबाट म जोडिएको वर्षमै १७ जनामा १५ जनाले उत्तीर्ण भएपछि त्यसको जस मलाई नै आउने स्थिति बन्यो,' यादवले भने ।

यादवकै भरमा वैकल्पिक विषयका रूपमा इच्छाधीन गणित थपियो । विद्यालयले राम्रो नतिजा ल्याउनेमात्रै होइन कतिपय विद्यार्थी प्रथम श्रेणीमा उत्तीर्ण भए । राम्रो नतिजा ल्याउन थालेपछि त्यसको जसजति यादवलाई दिने अवस्था बन्दा सहकर्मीमध्येकै केहीलाई मन परेन । एकदिन तिनैमध्येका एक सहकर्मी शिक्षकसँग झगडा भएपछि भने यादवको जीवनले अर्को मोड लियो । 'म सबै कुरा त्यागेर विद्यालयको हित नै मेरो हित हो भनेर खटिएको थिएँ । एउटै कक्षामा पाँचवटा विषयसम्म अध्यापन गराएँ । अरूको भन्दा मेरो विषयमा राम्रो नतिजा आएपछि समग्रमा विद्यालयकै नतिजा सुध्रियो,' यादवले मलिन मुद्रामा भने, 'तर एक दिन स्थानीय सहकर्मी शिक्षकले मसँग निहुँ खोजेर झगडा गरे । चित्त दुखाउने शब्द प्रयोग गरे । त्यसै दिन हो यो समाजका लागि यति धेरै मिहेनत गर्दा पनि कदर नहुने रहेछ भनेर चित्त दुःखाएर आफ्नै गृहजिल्ला फर्किएको ।' त्यहीँ परिघटनाले एउटा शिक्षक एकाएक राजनीतिकर्मी र त्यसमा पनि गाउँपालिकाको अध्यक्ष बन्ने अवस्था आएको यादवको भनाइ छ ।

### त्यसपछि मूल पेसामै फर्किए

यादवले राजनीति सुरु गरे पनि आफ्नो लगाव शिक्षा क्षेत्रबाट कहिल्यै अलग नभएको बताए । त्यसमा पनि भर्खरै बामे सर्न थालेको प्रजातान्त्रिक व्यवस्थामा मौलाएको अस्वस्थ राजनीतिक प्रवृत्तिले राजनीतिमा रहिरहने लोभ कहिल्यै जाग्न नदिएको उनको भनाइ छ । 'भन्न त राजनीति पेसा होइन सेवा हो भन्छन् तर अधिकांश राजनीतिकर्मीले बाँचिरहेको जीवनसँग यो भनाइको तालमेल नै हुँदैन । मैलेचाहिँ भन्नलाई एउटा र बाँच्नलाई अर्को गरी दुईटा जीवन बाँच्न सकिन । त्यसैले त हुँदाखाँदाको राजनीतिक जीवनलाई चटक्क छाडेर हिँडे,' यो प्रसंगको शुभारम्भमै वीरबल यादवले भने ।

सिरहाको बरियारपट्टि गाउँपालिका-३ स्थित श्री जनता मावि (प्रविधिक धार) को नेतृत्व अर्थात् प्रधानाध्यापकको जिम्मेवारीमा यादव छन् । २०६७ सालदेखि उनले यस विद्यालयमा प्रवेश गरेका थिए । सोही विद्यालय खोज्दै त्यहाँ पुगेका हामीसँग उनले सुरुमै राजनीतिको कुरा उप्काएपछि सोध्नै पर्‍यो, त्यसो भए राजनीति छोडेर फेरि शिक्षण पेसामै फर्किने मोडचाहिँ कसरी आयो ? जवाफमा यादवले २०५२ सालमा शिक्षा सेवा आयोगको परीक्षा दिएको र त्यसको नतिजा भने अध्यक्षको कार्यकालको सकिने बेला आएकाले फेरि रुचि र आफ्नो अनुभवकै क्षेत्रमा फर्किने अवस्था बनेको बताए ।

उनी भन्छन्, 'मन शिक्षामा थियो तर भूमिका राजनीतिकर्मीका रूपमा गाविस अध्यक्षको थियो । न यो पद स्थायी हो न त राजनीति मेरो स्वभाव सुहाउँदो छ भन्ने बुझाइ बदलिएको थियो । त्यसैले अध्यक्षमा बहाल रहेकै बेला अन्तर्वार्ता दिन गएको थिएँ । यसमा तत्कालीन शिक्षक र अहिले सुखीपुर नगरपालिकाका प्रमुख रामअवतार यादवको ठूलो भूमिका छ ।' नभन्दै अध्यक्षको कार्यकाल सकिएको दुई वर्षपछि आएको नतिजामा यादव उत्तीर्ण भए । सुखीपुर नगरप्रमुख यादवकै सल्लाहबमोजिम २०६० सालमा स्थायी नियुक्ति लिएर अध्यापन यात्रा पुनः सुरु गरेको यादवले स्मरण गरे । उनको स्थायी शिक्षण कर्म सोलुखुम्बुको देउसा माविबाट सुरु भयो । त्यहाँ करिब सात वर्ष बिताएका यादवले चार वर्ष प्रअ भएर नेतृत्व गरे तर पछि हालको विद्यालयमा सरुवा भएर आए ।

'मैले सात कक्षासम्म पढेको विद्यालय हो यो । यहाँ मावि तथा उच्च शिक्षा नहुँदा अन्यत्र जानुपर्दाको पीडा नजिकबाट भोगेको छु । त्यसैले गाविस अध्यक्ष हुँदा मावि बनाएको विद्यालयलाई उच्च मावि बनाउने मेरो पहिलो प्राथमिकता थियो,' यादवले भने, 'त्यसैका लागि साढे नौ कठ्ठा जमिन किन्न र बाँकी थपथाप गर्नमा जोड दिएर करिब दुई बिघा जग्गा पुगाइयो । त्यसपछि यहाँ कक्षा १२ सम्म शिक्षा, वाणिज्य, कृषि, विज्ञान समूह विस्तार गरी अध्ययन अध्यापनको काम सुरु भएको छ ।' यादव सो विद्यालयमा मावि तहको एक्लो स्थायी शिक्षक छन् । सो विद्यालयमा उच्च मावि तहमा निजी स्रोत तथा राहतमा अनुदानमा नौसहित कूल ३२ जना छन् । त्यहाँ मावि तहमा साढे १४ सय र उच्च माविमा ३०० जना गरी साढे १७ सय विद्यार्थी अध्ययनरत छन् ।

### मुसहर बालबालिकालाई शिक्षासाग जोड्ने सपना

बरियारपट्टि अर्थात् विद्यालय वरपर यादव समुदायको बाहुल्यता भए पनि अन्य समुदायको पनि मिश्रित उपस्थिति छ । करिब १०० घरपरिवार त मुसहर समुदायका मात्रै छन् । ती परिवारबाट विद्यालय जाने बालबालिकाको संख्या करिब ३५ जनामात्रै छ । त्यो पनि प्रअ यादवलगायतको मिहेनतबाट सम्भव भएको हो । 'मुसहर समुदायका बालबालिका विद्यालय आउने अवस्था नै थिएन । आठ/दस वर्षको उमेरमा विद्यालय आउने र प्राथमिक तहभन्दा माथि पढ्नै नचाहने प्रवृत्ति छ,' यादव भन्छन्, 'हातहातमा मोबाइल छ तर कापी कलम किन्ने पैसा छैन भनेर अभिभावकले बहानाबाजी गर्ने र पैसा कमाउन भारत पठाउने समस्या त्यो समुदायको ठूलो समस्या हो । अहिले मुस्किलले ३०/३५ जनालाई विद्यालयमा टिकाएका छौं ।'

सो क्षेत्रमा मुसहर समुदायबाट एसएलसी उत्तीर्ण गर्ने एक जनामात्रै छन् । यादवलगायतकै पहलमा वर्षको ३० हजार रूपैयाँ छात्रवृति पाउनेगरी पठनपाठनको व्यवस्था मिलाउँदासमेत ती विद्यार्थी १२ कक्षाको परीक्षाकै मुखमा भागेर पञ्जाव गएको घटनाले उनलाई अहिले पनि पिरोलिरहेको छ । यादवको दुखेसो छ, 'शिक्षाविनाको जीवन कहिल्यै माथि उठ्न सक्दैन । यो कुरा जति बुझाउने प्रयास गर्दा पनि मुसहर बस्तीका अभिभावकले बुझ्दैनन् । सरकार र सरोकारवालाले बालबालिकालाई विद्यालयमा टिकाउन मुसहरबस्तीका अभिभावकलाई जीविकोपार्जनको आधार तयार गरिदिनुपर्ने आवश्यकता छ ।'

हुन त यादवले विद्यालयको भौतिक अवस्था सुधारमा मात्रै ध्यान दिएका छैनन् । गुणस्तरीय शिक्षाका लागि सहकर्मीसँगै आफू पनि अहोरात्र खटिरहेका छन् । त्यसैको परिणामस्वरूप गत वर्षसम्म सो विद्यालयबाट उत्तीर्ण १२ जनाले लोक सेवा र चार जनाले शिक्षक सेवामा नाम निकालेका छन् । विद्यालयको शैक्षिकस्तर माथि उठाउन उनको अधिकांश समय विद्यालयमै बित्छ । त्यसक्रममा विद्यालयका सहयोगीदेखि सहकर्मीसम्म, विद्यालय व्यवस्थापन समितिदेखि समाजका अगुवाहरूसँग विद्यालय सुधारका योजनाबारे छलफल गर्छन् । त्यही छलफलको निष्कर्षस्वरूप प्रविधिमैत्री शिक्षण सिकाइ, स्मार्ट बोर्ड, प्रोजेक्टरजस्ता विद्युतीय सामग्रीको प्रयोग, त्यसका लागि शिक्षकलाई १५ दिने तालिमजस्ता कार्य अगाडि बढेका छन् ।

बरियारपट्टी गाउँपालिकाका अध्यक्ष सन्तोषकुमार महतो प्रअ यादवले विद्यालयको सुधारका लागि बनाउने सम्पूर्ण योजनामा आफूहरूको भरपुर सहयोग रहने बताउँछन् । 'उनको लगाव देखेर हामी पनि उत्साहित छौं । सबैको सल्लाहअनुसार चालु आर्थिक वर्षमै स्नातकसम्म स्तरोन्नति गर्न एक करोड रूपैयाँ बजेट विनियोजन गरिएको छ,' उनले भने ।

वरिष्ठ पत्रकार रामरिजन यादव पनि सिरहाको दक्षिणी भेग र विशेषगरी हुलाकी सडक क्षेत्रको शिक्षा सुधार गर्न प्रधानाध्यापक यादवको पहलकदमी र योगदानबाट आफू पनि निकै प्रभावित भएको बताउँछन् । 'उहाँ राजनीतिक चेत भएको एक कुशल शिक्षक हो, त्योभन्दा बढी शिक्षाप्रति उहाँको एक प्रकारको 'पागलपन' छ, त्यसले बरियारपट्टिको यो क्षेत्रमा शिक्षा बलियो जग बसाल्न भूमिका खेलेको छ,' यादव भन्छन्, 'यहाँका अभिभावक, बुद्धिजीवी तथा अगुवा व्यक्ति सबैसँग समन्वयगरी अगाडि बढ्ने उनको बानिले हामीलाई पनि सहयोग गर्न बाध्य बनाएको छ ।'

यादव अवकाश हुन अब चार-पाँच वर्षमात्रै बाँकी छ । त्यसअघि उच्च माविलाई क्याम्पस बनाएर गुणस्तरीय शिक्षाको जग बलियो बनाउने उनको सपना छ । इमान्दार प्रयत्न गर्दा जुनसुकै पेसा पनि राम्रो हुने धारणा राख्ने यादव राजनीति भने शिक्षण पेसाभन्दा कठिन रहेको बताउँछन् । सामाजिक चेतना, शैक्षिकस्तर र जागरणका हिसाबले पहिलेको राजनीति तुलनात्मक रूपमा सहज भए पनि अहिले थप जटिल बन्दै गएकाले राजनीति छोड्दा कहिल्यै पछुतो नलागेको उनले बताए । *रासस*

# शैक्षिक गुणस्तर सुधार्न पर्वतका पालिका सक्रिय

**पर्वत-** पर्वतका सामुदायिक विद्यालयको गुणस्तर खस्किँदै गएको छ । विद्यार्थी दिनप्रतिदिन सामुदायिक विद्यालय छाडेर निजी विद्यालयतर्फ आकर्षित भएका छन् । यसले ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या न्यून हुँदै गएको छ ।

सामुदायिक विद्यालय खाली हुने अवस्था आएपछि जिल्लाका विभिन्न पालिकाले सक्रियता बढाउन थालेका छन् । सामुदायिक विद्यालयको गुणस्तर सुधार गरी निजी विद्यालय सरह बनाउने उद्देश्यले विहादी गाउँपालिका, पैँयु गाउँपालिका र जलजला गाउँपालिकाले अभियान नै सञ्चालन गरेका छन् ।

विहादी गाउँपालिकाले हरेक वडामा पुगेर त्यहाँका शिक्षक, अभिभावक, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि र विद्यार्थीसँग शैक्षिक अन्तर्क्रिया गरेको छ । यही वैशाख १६ गतेदेखि सुरु भएको सो अभियान वडा नं ६ शालिग्राम माविमा समापन हुँदै छ । अन्तर्क्रियाका क्रममा थुप्रै सुझाव संकलन गरिएको र सोही सुझाव सल्लाहका आधारमा पालिकाको शैक्षिक कार्यक्रम परिमार्जन गरिने गाउँपालिकाका अध्यक्ष परवीन गुरुङले बताए । सबै विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठन सुरुआत गर्नुपर्ने सुझाव बढी आएका छन् । यसका लागि शिक्षकलाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धि गराएर गुणस्तर सुधारमा लगाइने उनले बताए ।

सबै वडामा अन्तर्क्रिया गरिसकेपछि पालिकाको शिक्षा समिति र सबै विद्यालयका प्रअबीच छलफल गरिने भएको छ । जेठको पहिलो सातादेखि नै शैक्षिक गुणस्तरमा सुधार देखिने गरी काम गर्ने उनको भनाइ छ । शिक्षा क्षेत्रको सुधारका निम्ति ठोस योजना बनाएर अघि बढ्ने बताए । आगामी वर्षको बजेट तथा कार्यक्रममा प्राथमिकताका साथ शिक्षाको गुणस्तर सुधार कार्यक्रमलाई ल्याउने अध्यक्ष गुरुङले बताए ।

यस्तै पैँयु गाउँपालिकाले अध्यक्ष उपाध्यक्षसँग विद्यार्थी कार्यक्रम सुरु गरेको छ स्थानीय सरकार र जनप्रतिनिधिसँग विद्यार्थीको धारणा, अपेक्षा, समस्या, सेवा प्रवाहबाट विद्यार्थी सन्तुष्टि भए नभएको पहिचान गर्न गाउँपालिकाले अध्यक्ष उपाध्यक्षसँग विद्यार्थी कार्यक्रम सुरु गरेको हो । गाउँपालिकाले पहिलोपटक सञ्चालनमा ल्याएको अध्यक्ष उपाध्यक्षसँग विद्यार्थी कार्यक्रमको मंगलबार पैँयु गाउँपालिकाका अध्यक्ष तोरणमल्ल ठकुरीले उद्घाटन गरे । विद्यार्थीको मनोबल उच्च हुने, शैक्षिक गुणस्तर वृद्धि हुने, विद्यार्थीले उठाएका समस्याको छिटोभन्दा छिटो समधान गर्न पहल गरिने उनको भनाइ छ ।

विद्यालयको गुणस्तर सुधारका लागि पर्याप्तमात्रामा भौतिक पूर्वाधार निर्माण भइसकेकाले आगामी दिनमा विद्यार्थीको मागअनुसार नै शैक्षिक गतिविधि अगाडि बढाउने गरी कार्यक्रम ल्याइने छ । विद्यार्थीको वास्तविक समस्याको पहिचान गरी गाउँपालिकाले समाधान गर्नेगरी उक्त कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाकी उपाध्यक्ष यामकुमारी रानाले जानकारी दिइन् ।


'हामी गाउँपालिकाका सबै सामुदायिक विद्यालयका विद्यार्थीको धारणा बुझ्छौं, विद्यार्थीका समस्या सुन्छौं, वास्तविक समस्या पहिचान गर्छौं,' उनले भनिन्, 'आर्थिक अवस्था कमजोर भएर विद्यालयमा पढ्न बञ्चित भएका विद्यार्थीको पहिचान गरेर शैक्षिक सामग्री वितरण गर्छौं ।'

यसैगरी जलजला गाउँपालिकाले शिक्षकबाटै गुणस्तर सुधार्न प्रधानाध्यापक नियुक्तिको नयाँ शैली थालेको छ । गाउँपालिकाले प्राथमिक तहदेखि माध्यमिक तहसम्मका सबै सामुदायिक विद्यालयमा पाँच वर्षे विकास र गुणस्तर सुधारको प्रस्ताव माग गरेर प्रधानाध्यापक नियुक्त गर्न लागेको हो । विद्यालयको सुधार र शैक्षिक गुणस्तर कायम गर्नका लागि शिक्षा ऐनमा रहेको व्यवस्थाअनुसार मात्रै प्रधानाध्यापक नियुक्त गर्दा विद्यालयमा फरक सोच र फरक शैली नआएको भन्दै गाउँपालिकाले यो योजना अगाडि बढाएको हो ।

गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यका अनुसार गाउँपालिकाले शैक्षिक सुधारलाई नै पहिलो कामका रूपमा हेरेर शिक्षा क्षेत्रमा विभिन्न योजना कार्यान्वयन गरिरहेको छ । सोहीअन्तर्गत रहेर नयाँ प्रयोगका रूपमा प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापक छनोट गर्न लागिएको हो । गाउँपालिकाका शिक्षा अधिकृत यज्ञप्रसाद लामिछानेका अनुसार विद्यालयको प्रधानाध्यापक बन्न इच्छा भएका शिक्षकहरूले आफूले आगामी पाँच वर्षमा विद्यालयमा ल्याउनसक्ने परिवर्तन, कार्यान्वयन गर्नसक्ने कार्यक्रमलगायतका स्पष्ट खाकासहितको प्रस्ताव तयार गर्नुपर्नेछ । जिल्लाका सातवटै पालिकामा गत शैक्षिकसत्रको अन्तिम परीक्षाको नतिजा निराशाजनक आएपछि गुणस्तर सुधार्न सक्रियता देखाएका हुन् । *रासस*

# झाँगाझोलीलाई जडीबुटीको 'शैक्षिक हब' बनाइँदै

■ सानेबहादुर नेपाली



**तनहुँ-** जिल्लाको शुक्लागण्डकी नगरपालिका-६ स्थित झाँगाझोलीमा गौरादेवी प्राकृतिक जडीबुटी उद्यान स्थापना गरिएको छ। नेपालमा पाइने सबै किसिमका जडीबुटी लगाएर यस क्षेत्रलाई शैक्षिक अध्ययन तथा अनुसन्धान केन्द्रका रूपमा विकास गर्न लागिएको हो।

करिब पाँच रोपनी क्षेत्रफलमा २०० भन्दा बढी विभिन्न प्रजातिका जडीबुटीका नामसहित बिरुवा रोपिएको छ । यसले यहाँ घुम्न आउने मानिसलाई जडीबुटी, वनस्पतिलगायतका बिरुवाका बारेमा जानकारीमा सहज हुने बताइएको छ । यस स्थानलाई 'शैक्षिक हब'का रूपमा प्रवर्द्धन गर्ने लक्ष्यसहित अभियान अघि बढाइएको झाँगाझोली एग्रो टुरिजम प्रालिका सञ्चालक उज्वल पौडेलले जानकारी दिए ।

उक्त उद्यानमा रुद्राक्ष, कुरिलो, तेजपात, श्रीखण्ड, बेल, अश्वगन्धा, असुरो, पाखनबेद, तुलसी, नीम, बोझो, टिमुर, लोडसल्लालगायतका महँगा र औषधिजन्य जडीबुटी लगाइएको छ। विशेष तरिकाले निर्माण गरिएको उद्यानमा विभिन्न जातका जडीबुटी र वनस्पति रहेका छन् । सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका-३ झाँगाझोली निवासी ८९ वर्षीय गौरादेवी दाहालको नाउँमा उक्त उद्यान स्थापना गरिएको हो ।

पौडेलका अनुसार करिब एक करोड ५० लाख रूपैयाँको लागतमा जडीबुटी उद्यान तथा विभिन्न अस्थायी संरचना स्थापना गरिएको छ। जडीबुटीलगायत अवलोकनका लागि हात्ती, गैंडा, बाघ, घोडालगायतका विभिन्न जातका पक्षी र जनावरका आकर्षक मूर्ति निर्माण गरिएको छ । खोलाको वरपर रहेको जंगलको हरियाली र चुराचुरुंगीको आवाजले झाँगाझोली क्षेत्रमा घुम्न आउने पर्यटक लठ्ठ हुने गर्दछन् ।

अहिले यस स्थानमा सार्वजनिक बिदाका दिनमा ५०० भन्दा बढी र अन्य दिनमा एक/दुई सयका हाराहारीमा आन्तरिक पर्यटक घुम्नका लागि आउने गर्दछन् । त्यसैगरी ५० भन्दा बढी प्रजातिका फलफूलका बिरुवा लगाएर फलफूलको नामसहितको सुन्दर बगैँचासमेत स्थापना गरिएको छ। दुई सयभन्दा बढी लोपोन्मुख चिनारीसहितको संग्राहलयसमेत सञ्चालन गरिएको छ। धेरै जातका जडीबुटी र फलफूलका बिरुवा एकै स्थानमा देख्न र चिन्न सकिने भएकाले पर्यटक गन्तव्यस्थलको रूपमा परिचित हुँदै छ ।

विभिन्न देवीदेवता, वन्यजन्तुहरूको मूर्ति निर्माण गरी जानकारी लिनका साथै घुम्न आउने विद्यार्थीलाई ज्ञान दिइने लक्ष्य रहेको छ । रूद्र कुण्ड, रूद्र घण्ट मठमन्दिरसमेत रहेको गौरादेवी यस उद्यानबाट पर्यटकले भरपुर मनोरञ्जन लिन सक्छन् । पारिवारिक वातावरणमा अर्ग्यानिक खाना र आरामदायी बसाइका लागिसमेत उत्कृष्ट गन्तव्य बनेको सञ्चालक पौडेलको भनाइ छ ।

**सिन्धुलीको झागाझोलीदेखि तनहुाको झागाझोलीसम्म**

तनहुँको शुक्लागण्डकी नगरपालिकामा रहेको झाँगाझोली र सिन्धुलीको सुनकोशी गाउँपालिकामा रहेको झाँगाझोली धार्मिक तथा पर्यटकीय गन्तव्यको रूपमा परिचित छन्। सिन्धुली झाँगाझोली क्षेत्रका नेपालथोक, दुम्जा, झाँगाझोली गुठबजार, रातमाटा, बोहोरेटार, रामटार, पत्थुरी, मुलकोट, गैरीपुछार, खाल्टेचैनपुर, शितलपाटीजस्ता बिपी राजमार्गमा पर्ने क्षेत्रहरू मात्र होइन, झाँगाझोली आसपासका क्षेत्रहरू परेवाडाँडा, नागेडाँडा, थुम्का, काशीखर्क, खहरे, बन्दीपुर, कोटगाउँ, सिरूवानी, सिम्ले, रानीछाँगा, अमारेजस्ता पर्यटकीय हिसाबले विशेष महत्त्व राख्ने क्षेत्र हुन् ।

दुई जिल्लामा रहेका झाँगाझोली एकापसमा भावनात्मक रूपले समेत जोडिएका छन् । झाँगाझोली एग्रो टुरिजम प्रालिले सिन्धुलीको झाँगाझोली र तनहुँको झाँगाझोली बीचको सम्बन्धलाई सुमधुर बनाई मुलुकमा कृषि र पर्यटन क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने लक्ष्य लिएको छ । दुई झाँगाझोली बीचको एकरूपता र समानताले दुवै झाँगाझोलीको पर्यटन प्रवर्द्धनमा नयाँपन ल्याउने सम्भावना रहेको छ । बिपी राजमार्गमा पर्ने झाँगाझोलीमा रहेका ऐतिहासिक, सांस्कृतिक, धार्मिक मठमन्दिरसमेतका सम्पदाहरू समेटेर तनहुँ झाँगाझोलीको परिकल्पना गरिएको सञ्चालकहरू बताउँछन् ।

पछिल्लो समय तनहुँको झाँगाझोली आन्तरिक पर्यटकहरूको प्रमुख रोजाइमा पर्न थालेको छ । भौगोलिक बनावट, प्राकृतिक सुन्दरता र पर्यटन प्रवर्द्धनको नयाँ प्रयोगले पनि पर्यटकहरूको झाँगाझोली मोह बढ्न थालेको अर्का सञ्चालक शंकरप्रसाद अधिकारीले बताए । शैक्षिक, धार्मिक, मनोरम दृश्यावलोकनले तनहुँ झाँगाझोली अवलोकनका लागि दैनिक सयौं पर्यटकको पहिलो प्राथमिकतामा पर्न थालेको छ ।

सुनकोशी गाउँपालिका सुनकोशी नदीको नामबाट नामाकरण भएको हो। शुक्लागण्डकी नगरपालिका पनि नदीकै नामबाट नामाकरण भएको पाइन्छ। एकताका प्रतीक पृथ्वीनारायण शाहको नामबाट नामाकरण भएको पृथ्वी राजमार्गमा पर्ने तनहुँ झाँगाझोली र जननेता बिपी कोइरालाको नामबाट नामाकरण भएको बिपी राजमार्गमा पर्ने सिन्धुली झाँगाझोलीबीच समानता र एकरूपता धेरै रहेका छन् ।

तनहुँको झाँगाझोलीदेखि दरगाउँ जोड्ने मोटर मार्ग स्तरोन्नतिका लागि संघीय सरकारले ३५ लाख रूपैयाँ बजेट विनियोजन गरेको छ। यही मार्ग हुँदै प्रसिद्ध धार्मिकस्थल तीनखोले मन्दिर जाने वैकल्पिक मार्गको रूपमा विकास गर्न लागिएको छ । पृथ्वी राजमार्गको खैरेनीटारबाट करिब पाँच किलोमिटर दूरीमा झाँगाझोली पुग्न सकिन्छ। झाँगाझोलीको अगाडि भाग भएर बग्ने कुम्ले खोलाको मध्यभागमा कृत्रिम बाँध बाँधेर ताल बनाउनका लागि सम्भाव्यता अध्ययन भइरहेको छ ।

जिल्लाको शुक्लागण्डकी नगरपालिकाभित्र ७०० रोपनी क्षेत्रफलमा जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र केन्द्रीय अस्पतालको रूपमा स्थापना गरी सञ्चालनमा ल्याएको छ। नेपाल सरकारले ७०० शयचा र भारत सरकारले ३०० शयचाको आधुनिक उपकरणसहित पूर्वाधार निर्माण गर्ने गरी एक हजार शयचा क्षमताको अत्याधुनिक अस्पताल निर्माण गर्न लागेको छ ।

नेपालमा रहेका सातवटै प्रदेशका विशिष्टीकृत सामानहरूको बिक्री एवं प्रदर्शन केन्द्र स्थापना गरी आंशिक रूपमा सञ्चालनमा आएको छ । पूर्णरूपमा कोशेली घर सञ्चालन हुन केही समय लाग्ने सञ्चालकहरू बताउँछन् । सिन्धुली झाँगाझोली क्षेत्रमा पर्ने ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, सांस्कृतिक सम्पदाका बारेमा जानकारी दिने उद्देश्यले सूचना कक्ष निर्माण गरिएको छ । सूचना कक्षमा झाँगाझोली क्षेत्रमा पर्ने विविध विषयका बारेमा ब्रोसर, मूर्ति, संग्रहालयमार्फत घुम्न आउने पर्यटकले जानकारी लिने गरेका छन् । *रासस*

# बागमती प्रदेशसभाको बर्खे अधिवेशन आह्वान

**मकवानपुर (प्रस)-** बागमती प्रदेशसभाको बर्खे अधिवेशन यही वैशाख ३१ गते दिउँसो १ बजेका लागि आह्वान गरिएको छ। प्रदेश प्रमुख यादवचन्द्र शर्माले नेपालको संविधानको धारा १८३ को उपधारा १ बमोजिम बागमती प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय र सिफारिस बमोजिम प्रदेशसभाको बर्खे अधिवेशन आह्वान गरेका हुन् ।

**समिति सभापति चयन गरिने**

बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले आगामी जेठ ४ गते प्रदेशसभाअन्तर्गतका विभिन्न पाँचवटा समितिको सभापति पदको निर्वाचन गर्ने विषयमा सबै दलबीच सहमति भएको बताएका छन् ।

सभामुख पाठकले जेठ ४ गतेसम्म सहमतिको प्रयास गर्ने र सम्भव नभए निर्वाचनमार्फत सभापतिको चयन गर्ने बताए । प्रदेशसभाको नियमावली २०७४ अनुसार प्रदेशसभामा पाँचवटा विभिन्न समितिहरू रहने व्यवस्था छ।

प्रदेशसभामा अहिले प्रदेश मामिला समिति, सार्वजनिक लेखा समिति, कृषि, स्वास्थ्य तथा शिक्षा समिति, पर्यटन, उद्योग तथा वाणिज्य समिति र भूमि तथा सहकारी व्यवस्था समिति छन् ।

# १० महिनामा २१ गैंडा मरे

**चितवन (प्रस)-** चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रमा चालु आर्थिक वर्षको १० महिनामा २१ वटा गैंडा मरेका छन्। चोरी सिकार गर्नेले दुईवटा मारेका तथा अन्य १९ वटा कालगतिले मरेका हुन् ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार मृत भेटिएका गैंडामध्ये सातवटा भाले, सातवटा पोथी र पहिचान नभएका सातवटा रहेका छन्। गैंडा दलदलमा फसेर, आपसमा जुधेर, बूढो भएर, बाघको आक्रमणबाट, चोरी सिकारी गर्नेबाट, मानवीय गतिविधि, र करेन्ट लागेर मर्ने गरेका छन् । संख्या बढेपछि बासस्थानका कारण गैंडा मर्ने क्रम बढेको उनले बताए ।

उनले भने, 'घाँसेमैदान र सिमसार क्षेत्रको व्यवस्थापन गर्नसके गैंडा संरक्षणमा सहयोग पुग्छ ।' यसका लागि निकुञ्जले नयाँ सिमसार क्षेत्रको व्यवस्थापन, पुरानाको मर्मत र घाँसेमैदान व्यवस्थापन गरिरहेको उनले बताए ।

गत आर्थिक वर्षमा १३ वटा भाले, सातवटा पोथी र एउटा पहिचान हुनसकेको गैंडा मरेको थियो । हाल निकुञ्जमा ६९४ गैंडा छन् । दुर्लभ एकसिंगे गैंडाका लागि उपयुक्त बासस्थान मानिएको चितवन राष्ट्रिय निकुञ्जको पश्चिमी क्षेत्रमा गैंडाको संख्या धेरै भएपछि निकुञ्जले केही गैंडालाई आन्तरिक स्थानान्तरण गरेर पूर्वी क्षेत्रमा लगेको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOBILE SUPPORT CONTRACTING COMPANY LTD.

पूर्व स्वीकृति मिति २०८०/०९/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२८ LT. No. 297775 चलानी नं. ६०२१२७६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 10 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOBILE SUPPORT CONTRACTING CO.LTD.IS A ONE-PERSON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०९/१२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२८ LT. No. 297273 चलानी नं. ६०२१२२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 7 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,८९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TUNNEL METRO GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८०/०९/२४ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२८ LT. No. 297873 चलानी नं. ६०२१२८४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt Lic No. 780/065/066
LOTUS Human Resourse Pvt. Ltd
A Complete Human Resource Company
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-49366177/4966189
Mobile: 985-1013334, Email: Info@lotushrnepal.com.np, Web: Www.lotushrnepal.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SANABIL AL ATAA TRADING

पूर्व स्वीकृति मिति २०८०/०३/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०१/२८ LT. No.288037 चलानी न ६०२०३३६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrical Technician | 1 | 0 | 1500 | ५४,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 4 | 0 | 2500 | ९०,५६५ | | | | | | | |
| 3 | Labourer | 11 | 0 | 1100 | ३९,८५० | | | | | | | |
| 4 | Driver | 8 | 0 | 2000 | ७२,४५५ | | | | | | | |
| 5 | Representative | 6 | 0 | 2000 | ७२,४५५ | | | | | | | |
| 6 | Gen. Cleaner Worker | 3 | 0 | 1100 | ३९,८५० | | | | | | | |
| 7 | Plaster Worker | 4 | 0 | 1200 | ४३,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

Lucky Human Resource Pvt.Ltd.
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QAWAFIL EISAN TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति २०८१/०१/२७ LT. No. 304540 चलानी नं. ६०२१९३०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MORALISTIC CONTRACTING CLEANING HOSPITALITY AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/०४/२५ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२८ LT. No 290618 चलानी नं. ६०२०५९६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 1300 | ४७,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 8 | 1000 | ३६,५६५ | | | | | | | |
| 3 | General Supervisior | 0 | 1 | 2500 | ९१,४१० | | | | | | | |
| 4 | Hair Beautician | 0 | 11 | 1700 | ६२,१६० | | | | | | | |
| 5 | Hanna Beautician | 0 | 8 | 1700 | ६२,१६० | | | | | | | |
| 6 | Helper | 10 | 0 | 1000 | ३६,५६५ | | | | | | | |
| 7 | Labour | 4 | 0 | 1000 | ३६,५६५ | | | | | | | |
| 8 | Receptionist | 0 | 2 | 1100 | ४०,२२० | | | | | | | |
| 9 | Supervisior | 0 | 1 | 2500 | ९१,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १५३०/०७७/७८

RATIONAL OVERSEAS PVT. LTD.
Koteshwor-32, Kathmandu, Nepal - Tel:-01-4600027, 9841532876
Email:-overseasrational@gmail.com, Web:- www.rational.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHINE BEAUTY CARE BEAUTY SALON COMPNAY FOR LADIES

पूर्व स्वीकृति मिति २०८१/०१/२७ LT No : 304478 चलानी नं ६०२१९२७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 3 | 150 | ६४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 3 | 150 | ६४,८७० | | | | | | | |

कम्पनी : LA VIDA BEAUTY SALON & INSTITUTE COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति २०८१/०१/२७ LT No : 304491 चलानी नं ६०२१९२७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 3 | 150 | ६४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 3 | 150 | ६४,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ८ गते (19th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ८३४/०६६/०६७

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AAMAL MIX READYMIX CONCRETE COMPANY

पूर्व स्वीकृति मिति २०८१/०१/२७ LT. No. 304494 चलानी नं. ६०२१९२७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT. LTD. Govt. License 1638/080/81

TESLA OVERSEAS PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965, Mob: 9802353778, 9802353777
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

प्रभाव दैनिक

रूपशाला

## पोखराबाट 'एक्टर'को छायांकन सुरू

अभिनेता प्रदीप खड्का र नव-अभिनेत्री दिव्या रायमाझीले फिल्म 'एक्टर'को छायांकन सुरू गरेका छन् । पोखरास्थित बिन्ध्यवासिनी मन्दिरमा शुक्रबार पूजाआजा गरेपछि फिल्मको छायांकन सुरू गरिएको हो । फिल्मको पहिलो सट प्रदीप र दिव्याले दिएका छन् । पोखरामा १० दिन छायांकन हुने निर्माता थमन कुमार भण्डारीले जानकारी गराए । त्यसपछि बाँकी छायांकन काठमाडौंमा हुनेछ । राजन भुसालको डेब्यु निर्देशनमा बन्न लागेको फिल्ममा प्रदीप र दिव्यासहित राजबल्लभ कोइराला, दिव्यदेव, आना शर्मा, सुशील सिटौला लगायतको अभिनय रहनेछ ।



शनिबार २९, वैशाख २०८१ (Saturday, May 11, 2024)

# चिनियाँ फोटोग्राफरसँग एनएफपिजे नेपालको अन्तरक्रिया



■ प्रभाव संवाददाता

**काठमाडौं** – राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे) नेपालले चीनका प्रसिद्ध ट्राभल फोटोग्राफर सु छुइ लगायत १३ जना फोटोग्राफरसँग अन्तरक्रिया गरेको छ । नेपाल चाइना फ्रेन्डसिप फोरमसँगको सहकार्यमा शुक्रबार गोकर्ण हाउस झम्सिखेलमा कार्यक्रम भएको हो ।

संस्थाका वरिष्ठ उपाध्यक्ष सुशील श्रेष्ठको अध्यक्षता सम्पन्न भएको कार्यक्रममा संस्थाका कोषाध्यक्ष सागर श्रेष्ठले चिनियाँ फोटोग्राफरहरूसँग अन्तरक्रिया गर्न पाउँदा खुशी लागेको बताए । कार्यक्रमको अवसरमा उनले सु छुइ लगायत फोटोग्राफरसँग सहकार्य गरेर अघि बढ्न प्रस्ताव समेत गरेका छन् । 'आगामी दिनमा एनएफपिजे नेपाललाई पनि चीनको कला, संस्कृति र सभ्यता नजिकबाट बुझ्ने मौका दिनु हुन्छ भन्ने विश्वास लिएका छौं ,' श्रेष्ठले भने ।

त्यस्तै चीनका प्रसिद्ध ट्राभल फोटोग्राफर सु छुइले आफु पहिलो पटक २००८ मा नेपाल घुम्न आएको र अहिलेसम्म ३० पटक भन्दा धेरै नेपाल घुमिसकेको अनुभव सुनाए । उनले भने - 'मलाई संसार भर घुमौं फोटो खिचौं भन्ने लागेको थियो जब म नेपाल आएँ, नेपाल नै विश्व लाग्यो र अझै ४०-५० पटक नेपाल आईरहन मन लागेको छ। नेपाल खासै ठूलो छैन तर यहाँको कला संस्कृतिमा धेरै भिन्नता छ र नेपालीको बानी व्यावहारले हामीलाई तान्छ। मेरो बाँकी जीवन चाहीं नेपालको धार्मिक र पर्यटकीय क्षेत्रको भित्रि रूपमा फोटो खिच्न पाउँ भन्ने इच्छा छ' नेपालको सुन्दरता चीनसँगै विश्वमा चिनाउने आफ्नो ठूलो रहर रहेकोसमेत उनले बताए ।

कार्यक्रममा एनएफपीजे नेपालका कार्यवाहक महासचिव घनश्याम श्रेष्ठले अन्तरक्रिया कार्यक्रम एकदमै फलदायी रहेको बताए । यस्ता भेटघाट कार्यक्रमले नेपाल र चीनका फोटोग्राफरबीचको सम्बन्धलाई अझै प्रगाढ बनाउन मद्दत पुऱ्याउने भन्दै आगामी दिनमा दुइ देशबीच हुने सहकार्यले सम्बन्ध अझ मजबुत बनाउने अवसर मिल्ने उनले विश्वास व्यक्त गरे ।

उनले भने- 'फोटोग्राफर सु छुइले खिचेका नेपालका उत्कृष्ट १०० तस्वीरहरू र नेपालका फोटो पत्रकारले खिचेका उत्कृष्ट तस्वीरहरू चाइनाको कुनै सहरमा प्रदर्शनीमा राख्न सके नेपालमा पर्यटन प्रवर्द्धनका लागि थप टेवा पुग्नेछ भन्ने विश्वास लिएको छु । त्यसका लागि राष्ट्रिय फोटो पत्रकार समूहले के कस्तो सहयोग गर्न सक्छ हामी तयार रहेको जानकारी गराउँन चाहन्छौं, आगामी दिनमा हामीले पनि चीनको कला, संस्कृति र सभ्यतालाई नजिकबाट नियाल्ने अवसर दिनु हुन्छ भन्ने पनि विश्वास लिएको छु ।'

कार्यक्रममा नेपाल चाइना फ्रेन्डसिप फोरमका अध्यक्ष डा. कल्याण शर्माले भाषा सहजीकरण गरेका थिए । कार्यक्रममा चीनबाट आएका फोटोग्राफरलाई खादा र नेपाली टोपीले सम्मान गरिएको थियो भने दुई देशको तर्फबाट एक अर्कालाई मायाको चिनो स्वरूप पुस्तक आदानप्रदान गरिएको थियो ।

कार्यक्रम सफल बनाउन केन्द्रीय सदस्य एवंम अन्तराष्ट्रिय मामिला प्रमुख सुनिल शर्मा, नेपाल चाइना फ्रेन्डसिप फोरमका अध्यक्ष डा. कल्याण शर्मा, गोकर्ण हाउस झम्सिखेल, संस्थाका सदस्य रमेश शाक्य, अर्चना श्रेष्ठ लगायतको महत्वपूर्ण सहयोग रहेको थियो । कार्यक्रममा पूर्व अध्यक्ष राज भाइ सुवाललगायत एनएफपिजे नेपालका सदस्यहरूको सहभागिता रहेको थियो ।




# नर्सिङ सुन्दरीले देखाए ट्यालेन्ट

■ प्रभाव संवाददाता

**काठमाडौं** – नर्सिङ सुन्दरीहरूको सहभागीता रहने एकमात्र सौन्दर्य प्रतियोगीता एनक्लेक्स नेपाल 'मिस नेपाल पिस २०२४'को विजेता आगामी जेठ ५ गते एकभव्य कार्यक्रमकाबीच छानिनेछ । प्रतियोगीतामा २४ सुन्दरी शिर्ष उपाधिका लागि भिड्दैछन् ।

फाइनल अगाडि प्रतियोगीताको 'ट्यालेन्ट राउन्ड' आयोजना भएको छ। जसमा सबै प्रतियोगीले आफुमा रहेको नृत्य, गायनलगायत बिभिन्न ट्यालेन्ट देखाएका छन् । ट्यालेन्ट राउण्डमा रोशन गहतराज (कोरियोग्राफर), डा. स्कृति मासके (सह-प्रोफेसर), रोनिश खड्गी ( विजेता मोडल हन्ट नेपाल २०२४), नम्रता श्रेष्ठ (मिस नेपाल २०२०), सजना केसी ( एनक्लेक्स नेपाल एमडी), कोसिस क्षेत्री (गायक तथा कलाकार) लगायत निर्णायक रहेका थिए । ट्यालेन्ट राउण्डको विजेता पनि फाइनलमा घोषणा गरिने आयोजक नेक्स्ट मोडल्स नेपालका अध्यक्ष रवि धमलाले बताए ।

प्रतियोगिताको यो ७ औं संस्करण हो । यस संस्करण प्रलिजा ढकाल, दिव्या बम ठकुरी, प्रिया सुनुवार, नबिना हयु राई, प्रिया पाण्डे, समीक्षा भण्डारी, लस्ता श्रेष्ठ, सुरुची देवकोटा, स्वस्तिक बुढाथोकी, आयुषा गुरागाईं, मोनिका थापा मगर, सिमा राउत, रिया जोशी, गुञ्जना बाँस्तोला, लालीमाया तामाङ, सलिना बडे, सिजा कार्की, अपेक्ष्य कोइराला, बिधि लम्साल, सदिती श्रेष्ठ, रविना डंगोल, अनिशा पराजुली, कविता पाल, पला रेग्मी प्रतियोगी रहेका छन् । सबै प्रतियोगी फाइनल स्पर्धाको लागि संन्चार कला, विकास मोटिभेसन, लिडरसिप, ड्रेङ सेन्स, पब्लिक स्पिकिङ, करियर काउन्सिल लगायतका प्रशिक्षण आफुलाई निखार्दै छन् । प्रतियोगीताको शिर्ष विजताले मिस ग्लोवलमा नेपालको प्रतिनिधित्व गर्न'को अलवा विभिन्न उपहार समेत जित्न सक्नेछन् ।

'सशक्त महिला सवल राष्ट्र' भन्ने नारासहित लामो समयदेखि नियमित आयोजना हुँदै आएको यो स्वास्थ्य पेसासँग सम्बन्धित एकमात्र सामाजिक सौन्दर्य प्रतियोगिता हो । अन्तराष्ट्रियस्तरमै शान्तिको सन्देश फैल्याउँदै नर्सिङ पेसा रोजेका र अध्ययन गरिरहेकालाई पेसा र समाजप्रति थप उत्तर दाइत्व बोध गराउने उद्देश्य प्रतियोगिताको रहेको आयोजक नेक्टस् मोडल नेपालकी प्रबन्ध निर्देशक यतना पाण्डेले बताइन् ।

## रंगशाला

# भीमबहादुरले पारा ओलम्पिकको छनोट खेल्ने



■ प्रभाव संवाददाता

**काठमाडौं** – पारा पौडी खेलाडी भीमबहादुर कुमालले फ्रान्समा हुने पेरिस पारालिम्पिक-२०२४ का लागि हुने छनोट प्रतियोगिता खेल्ने भएका छन् । पेरिस पारालिम्पिकका लागि छनोटको आधार रहेको सिटी विश्व पारा पौडी प्रतियोगितामा भीमले प्रतिस्पर्धा गर्न लागेका हुन् ।

सिंगापुरमा मे १७ देखि १९ तारिखसम्म हुने उक्त प्रतियोगितामा भीमले पुरुष ५० मिटर र १०० मिटर फ्रिस्टायल स्पर्धामा नेपालको प्रतिनिधित्व गर्नेछन् । दुवै स्पर्धामा भीमकै नाममा राष्ट्रिय कीर्तिमान पनि रहेको छ । ५० मिटरमा ३३.३४ सेकेन्ड र १०० मिटरमा एक मिनेट २१ सेकेन्डको भीमको व्यक्तिगत उत्कृष्ट टाइमिङनै राष्ट्रिय कीर्तिमान हो ।

सिंगापुरमा हुने प्रतियोगिताका लागि भीमले विगत दुई महिनादेखि कालोपुलस्थित वेस्ट भेन्यूमा नियमित प्रशिक्षण गरिरहेको नेपाल पारा पौडी संघका अध्यक्ष सरोज श्रेष्ठले जानकारी दिए । श्रेष्ठ पनि अफिसियलका रूपमा सिंगापुर जाँदैछन् । गोर्खा जिल्लाको नारेश्वर बेनीखोला निवासी भीमले आफ्नो करियरमा तीनवटा अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेका छन् । उनले खेलेको पछिल्लो प्रतियोगिता चीनको हाङझावमा भएको चौथो एसियाली पारा खेलकुद हो ।

त्यसअघि उनले सन् २०१८ मा इन्डोनेसियामा भएको तेश्रो एसियाली पारा खेलकुद र सन् २०१९ मा लन्डनमा भएको विश्व पारा पौडी प्रतियोगितामा पनि नेपालको प्रतिनिधित्व गरेका थिए । ४१ वर्षीय भीम एम्पुटी फुटबलका खेलाडी पनि हुन् ।

भीमले पेरिस पारा ओलम्पिकमा छनोट हुने लक्ष्य रहेको बताउँदै भने, 'एउटा खेलाडीको मुख्य उद्देश्य ओलम्पिक खेल्नु रहेको हुन्छ । मेरो लागि पनि यो एउटा सुनौलो अवसर हो । सक्दो प्रयास गर्नेछु ।'

टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले शुक्रबार एक कार्यक्रमबिच बिदाइ गरे । भीम र अफिसियल श्रेष्ठ मे १५ तारिख सिंगापुर जानेछन् । प्रशिक्षक विजेनमान श्रेष्ठ भने आइतबार जाँदैछन् ।

विदाइका अवसरमा सदस्यसचिव घिसिङले पेरिस पारालिम्पकमा छनोट हुने दोश्रो खेलाडी बन्न भीमलाई शुभकामना दिए ।

# राखेपद्वारा दशरथ रंगशालाको विवरण प्रस्तुत

■ प्रभाव संवाददाता



**काठमाडौं** – राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले दशरथ रंगशालालाई अन्तर्राष्ट्रिय मान्यता दिन एएफसीले माग गरेको विवरण अखिल नेपाल फुटबल संघ (एन्फा) लाई आवश्यक कागजात शुक्रबार उपलब्ध गराएको छ ।

फिफा विश्व कप छनोट र एसियाली छनोटको खेल दशरथ रंगशालामा सञ्चालन गर्ने सम्बन्धमा दशरथ रंगशालाको अवस्थाबारे एएफसीले प्रारम्भिक अनुगमन पश्चात् माग गरेको विवरण राखेपले एन्फालाई दिएको हो । उक्त विवरण शुक्रबारै एन्फाले एएफसीमा पठाउने तयारी गरेको छ ।

एएफसीले एन्फालाई दुवै छनोट प्रतियोगिताका खेल खेलाउन दशरथ रंगशाला उपयुक्त हुने आधारसहित चार बुँदे विवरण माग गरेको थियो ।

एएफसीले एन्फालाई स्टेडियम सेफ्टी सर्टिफिकेट, इभाक्वुएसन प्लान, कोलर कोडेड फ्लोर प्लान डायग्राम र रिस्क एनालाइसिस स्पेसिफिक टू दी स्टेडियमका विषयमा जानकारी माग गरेको थियो । सो विषयमा एन्फाले राखेपलाई एएफसीमा पठाउन विवरण माग गरेकोमा राखेपले प्राविधिक परामर्शदाताको सहयोगमा अध्ययन पश्चात् तयार पारेको सम्पूर्ण विवरण एन्फालाई दिएको हो ।

बिहीबार मात्रै संसदीय व्यवस्था समितिमा दशरथ रंगशालाको अवस्थाबारे प्रश्न उठ्दा राखेपका सदस्य-सचिव टंकलाल घिसिङले यही हप्ताभित्र विवरण उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका थिए । त्यसको भोलिपल्ट नै राखेपले एन्फालाई विवरण दिएको छ ।

सदस्य-सचिव टंकलाल घिसिङको उपस्थितिमा राखेपअन्तर्गत पूर्वाधार निर्माण तथा मर्मत शाखाका प्रमुख राजु श्रेष्ठले एन्फाका प्रमुख कार्यकारी अधिकृत इन्द्रमान तुलाधरलाई विवरण हस्तान्तरण गरे ।

आगामी दिनदेखि अन्तर्राष्ट्रिय महासंघहरूको पूर्वाधार मापदण्ड राखेपलाई समयमै उपलब्ध गराउन सदस्य-सचिव टंकलाल घिसिङले एन्फाको ध्यानाकर्षण गराए । फिफा विश्वकप र एसियाली छनोटअन्तर्गत नेपालले युएईविरुद्ध जेठ २४ गते दशरथ रंगशालामा 'होम म्याच' खेल्दै छ ।

# कर्णाली हाफ म्याराथन आज




**सुर्खेत (प्रस)**– शनिबार कर्णालीको राजधानी वीरेन्द्रनगरमा कर्णाली हाफ म्याराथन प्रतियोगिता हुने भएको छ । त्यसका लागि सम्पूर्ण तयारी भइसकेको आयोजकले जनाएको छ । 'अब कर्णाली दौडने छ' मुल नारासहित हुन लागेको उक्त प्रतियोगितामा देशभरबाट करिब ९०० खेलाडीहरू सहभागी हुने बताइएको छ ।

म्याराथनमा २१.०९७५ किलोमिटर पुरुष तथा महिला खुल्ला, ४५ वर्षमाथि उमेर समूह, ५ किलोमिटर स्कुलस्तरिय छात्र एवम् छात्रातर्फ दौड, ५ किलोमिटर कर्पोरेट रन समावेश गरिएको छ । हाफ म्याराथनमा ७२ जना, ५ किलोमिटर छात्रा एवं छात्रातर्फ ७५९ जना र कर्पोरेटतर्फ ३९ जनाले नाम दर्ता गराइसकेका छन् । साथै हाफ म्याराथनमा उत्कृष्ट समय दिने एक जना धावकलाई वर्ल्ड एथ्लेटिक्सबाट लेबल प्राप्त म्याराथनमा सहभागी गराइने छ ।

रेश नेपालको आयोजना हुन लागेको उक्त खेलको सम्पूर्ण व्यवस्थापनको पाटो क्रियटिभ गन्ज मिडिया एण्ड इभेन्ट म्यानेजमेन्टले गरेको छ । यस्तै कर्णाली प्रदेश खेलकुद परिषद्को आर्थिक सहयोग तथा वीरेन्द्रनगर नगरपालिकाको विशेष सहयोग तथा अन्य संघ-संस्थाहरूको साझेदारीमा उक्त कार्यक्रम गर्न लागिएको हो ।

प्रतियोगिता बिहान ७ बजे घन्टाघरबाट सुरु हुने छ । प्रतियोगितामा प्रथम हुनेलाई ५५ हजार रूपैयाँ पुरस्कार दिइने छ । दौड संस्कृतिको प्रवर्द्धन गर्दै प्रतिभाशाली खेलाडी खोज अभियान अन्तर्गत उक्त म्याराथन प्रतियोगिता गर्न लागिएको कार्यक्रम संयोजक एवं वीरेन्द्रनगर नगरपालिकाका पूर्वमेयर देवकुमार सुवेदीले जानकारी गराए ।



लेबनानको अक्करमा आलु खन्दै कामदारहरू । यहाँको अधिकांश परिवारको जीविकाको स्रोत आलुखेती मानिन्छ । तस्बिरः सिन्हवा

## टुंगियो एयर इन्डिया एक्सप्रेसका कर्मचारीको हडताल

**नयाँदिल्ली-** उडान तालिकामा दुई दिनको गम्भीर अवरोधपछि विमान सेवाका कर्मचारीको हडताल समाप्त भएको एयर इन्डियाले जनाएको छ । ऋणमा डुबेपछि उक्त एयरलाइन्सलाई निजीकरण गर्ने सरकारी प्रयासपछि सन् २०२२ मा भारतीय टाटा समूहले एयरलाइन्सको स्वामित्व लिएको थियो ।

मिडिया रिपोर्टका अनुसार टाटा समूहले कर्मचारीको भर्ती र पदोन्नती जस्ता विषयमा नयाँ नीतिहरू सार्वजनिक गरेसँगै कर्मचारीले त्यसको विरोध गरेका थिए । एयर इन्डिया एक्सप्रेसका दर्जनौं क्याबिन क्रू कर्मचारीहरू मंगलबार रातिदेखि बिरामी परेको भन्दै काममा आएका थिएनन् । जसले गर्दा एयरलाइन्स १७५ वटा उडान ढिलाइ तथा रद्द गर्नुपरेको थियो ।

बिहीबार जारी विज्ञप्तिमा एयरलाइन्सका प्रवक्ताले कर्मचारीसँगको बैठकपछि समय तालिकालाई जतिसक्दो चाँडो लयमा फर्काउन काम गरिरहेको जनाइएको छ । विज्ञप्तिमा अनपेक्षित अवरोधहरूबाट सेवाग्राहीमा पुगेको असुविधाप्रति क्षमा मागिएको छ ।

भारतीय सञ्चार माध्यमका अनुसार एयरलाइन्सले बर्खास्त गरेका कम्तीमा २० जना हड्ताली कर्मचारीलाई पुनः काममा फर्काइएको छ । *रासस/एएफपी*

# जेलेन्स्कीलाई मार्ने षडयन्त्र रचेको अभियोगमा स्टेट गार्डका प्रमुख बर्खास्त

**किएभ-** युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीको हत्याको षडयन्त्रमा दुई जना सदस्य संलग्न भएको आरोप लागेपछि राज्य गार्डका प्रमुखलाई बर्खास्त गरिएको अल जजिराले जनाएको छ ।

जेलेन्स्कीले बिहीबार राज्य गार्डका पूर्वनेता सेरही रुडलाई बर्खास्त गरेका अल जजिराले रिपोर्ट गरेको छ । राज्य सुरक्षा सेवा (एसबियू) ले यस हप्ताको सुरुमा जेलेन्स्की र अन्य अधिकारीहरू विरुद्धको हत्याको षडचन्त्र पत्ता लगाएको बताएपछि यो निर्णय आएको हो ।

यद्यपि रिपोर्टका अनुसार उत्तराधिकारीका बारेमा अहिलेसम्म कुनै आधिकारिक तथ्य आएको छैन । एसबियूका अनुसार स्टेट गार्डका दुईजना कर्नेलले जेलेन्स्कीलाई बन्धक बनाई हत्या गर्ने योजना बनाएका थिए । एसबियू प्रमुख भासिल मालियुक र सैन्य गुप्तचर एजेन्सीका प्रमुख किरिलो बुदानोभलगायतका अधिकारीहरू पनि असफल षडचन्त्रको लक्ष्य रहेको बताइएको छ ।

युक्रेनी राष्ट्रपति जेलेन्स्कीको हत्याको योजना बनाएको आरोपमा दुई युक्रेनी सुरक्षा अधिकारी पक्राउ परेको राज्य सुरक्षा सेवालाई उद्धृत गर्दै सिएनएनले रिपोर्ट गरेको छ । युक्रेनको सरकारी सुरक्षा एकाइका दुई कर्नेलमाथि आर्थिक क्षतिपूर्तिको बदलामा युक्रेनविरुद्धका गतिविधि गरेको आरोपमा राजद्रोहको आरोप लगाइएको थियो । तीमध्ये एकलाई आतंकवादी कार्यको तयारी गरेको आरोप पनि लगाइएको युक्रेनको अभियोजक जनरलको कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार एक संदिग्धले रुसको राज्य सुरक्षा सेवा (एफएसबी) बाट दुई ड्रोन र गोला बारुद प्राप्त गरी अर्को सहयोगीलाई विष्फोटको लागि हस्तान्तरण गर्न चाहन्थे । एसबियूले जेलेन्स्की र एसबियूका प्रमुख भासिल मालियुक तथा युक्रेनको डिफेन्स इन्टेलिजेन्सका प्रमुख किरिलो बुडानोभलगायत अन्य वरिष्ठ युक्रेनी अधिकारीहरूको हत्या गर्ने 'सक्रियरूपमा विकास भइरहेको योजना'लाई विफल पारेको बताएको छ ।

दुई अंगरक्षकले संघीय सुरक्षा सेवामा संवेदनशील जानकारी सार्वजनिक गरेको आरोप लगाउने एसबियूको आरोपमाथि रुसले आधिकारिक प्रतिक्रिया भने दिएको छैन । पछिल्लो समयमा रुससँगको युक्रेनी द्वन्द्वमा प्रगति अवरुद्ध भएकाले जेलेन्स्कीको प्रशासनले धेरै कठिनाइको सामना गर्नुपरेको छ । साथै अधिकारीहरूले भ्रष्टाचारको आरोपको सामना गरिरहेका छन् ।

यसअघि फेब्रुअरीमा जेलेन्स्कीले जनरल भ्यालेरी जालुज्नीलाई पदबाट बर्खास्त गरेपछि अलेक्जेन्डर सिरस्कीलाई नयाँ सेनाप्रमुखका रूपमा नियुक्त गरेका थिए । *रासस/एएनआई*

# केजरीवाललाई जमानतमा रिहा गर्ने आदेश



**नयाँदिल्ली-** भारतको सर्वोच्च अदालतले शुक्रबार कारागारमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदीका प्रतिद्वन्द्वीलाई जमानतमा रिहा गर्न आदेश दिएको छ । यसबाट उनलाई विद्यमान राष्ट्रिय निर्वाचनमा प्रचार गर्न अनुमति प्राप्त भएको छ ।

राजधानी दिल्लीका मुख्यमन्त्री तथा निर्वाचनमा मोदीको सामना गर्नका लागि गठित विपक्षी गठबन्धनका नेता अरविन्द केजरीवाललाई लामो समयदेखि चलिरहेको भ्रष्टाचारको अनुसन्धानको सिलसिलामा मार्चमा हिरासतमा लिइएको थियो । आपराधिक अनुसन्धानको दायरामा आउने समूहका धेरै नेतामध्ये उनी एक हुन् । उनका एक सहकर्मीले निर्वाचनभन्दा एक महिनाअघि उनको गिरफ्तारीलाई सत्तारूढ भारतीय जनता पार्टी (भाजपा)द्वारा रचित 'राजनीतिक षडयन्त्र'का रूपमा वर्णन गरेका छन् ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय सञ्जीव खन्ना र दीपांकर दत्ताले केजरीवाल छ साताको निर्वाचनमा मतदानको अन्तिम दिन जुन १ सम्म हिरासतबाट बाहिर रहन सक्ने आदेश गरेका छन् ।

सन् २०२१ मा मदिराको बिक्रीलाई उदार बनाउने र यस क्षेत्रमा आकर्षक सरकारी हिस्सेदारी छाड्ने नीति लागू गर्दा केजरीवालको सरकारमाथि भ्रष्टाचारको आरोप लगाइएको थियो । उक्त नीतिलाई अर्को वर्ष फिर्ता लिइयो तर लाइसेन्सको कथित भ्रष्ट विनियोजनमा नतिजाको अनुसन्धानले केजरीवालका दुई शीर्ष सहयोगीहरूलाई कारागार पुऱ्यायो ।

बारम्बार गलत कामलाई अस्वीकार गर्दै आएका केजरीवालको समर्थनमा उनको गिरफ्तारीपछि भारतभरका अन्य धेरै ठूला सहरमा जुलुस निकालिएको थियो । करिब एक दशकसम्म मुख्यमन्त्री रहेका ५५ वर्षीय केजरीवाल पहिलोपटक कट्टर भ्रष्टाचारविरोधी योद्धाका रूपमा कार्यालय आएका थिए । उनले अनुसन्धानको हिस्साका रूपमा सोधपुछका लागि भारतको वित्तीय अपराध एजेन्सी प्रवर्तन निर्देशनालयको बोलावट आदेशको विरोध गरेका थिए ।

मोदीका राजनीतिक विरोधीहरू र अन्तर्राष्ट्रिय अधिकार समूहहरूले लामो समयदेखि भारतको संकुचित लोकतान्त्रिक स्थानप्रति चिन्ता व्यक्त गर्दै आएका छन् । विपक्षी कांग्रेस पार्टीका सबैभन्दा प्रमुख सदस्य तथा दशकौंसम्म भारतीय राजनीतिमा वर्चश्व कायम गर्ने वंशका राहुल गान्धीलाई गत वर्ष मोदीको पार्टीका एक सदस्यको उजुरीपछि आपराधिक मानहानिमा दोषी ठहराइएको थियो । उक्त फैसलालाई उच्च अदालतले निलम्बन नगरेसम्म उनको दुई वर्षको कारागार सजायले उनलाई केही समयका लागि संसद्बाट अयोग्य घोषित गरेको थियो ।

केजरीवाल र गान्धी दुवै दुई दर्जनभन्दा धेरै पार्टीबाट बनेको विपक्षी गठबन्धनको सदस्य छन् र उक्त गठबन्धनले संयुक्तरूपमा भारतको निर्वाचनमा प्रतिस्पर्धा गरिरहेको छ । *रासस/एएफपी*

# अर्जेन्टिनामा डेंगीविरूद्धको खोप अभियान सञ्चालन

**ब्युनस आयर्स-** अर्जेन्टिनामा यस वर्ष डेंगीका चार लाख २० हजारभन्दा बढी केस भेटिएपछि डेंगी लक्षित खोप अभियान घोषणा गरेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य मन्त्रालयले राष्ट्रिय खोप आयोग (कोनेन) को सिफारिसको आधारमा र महामारीविरुद्धको व्यापक रणनीतिको एक भागको रूपमा प्रभावित क्षेत्रलाई लक्षित गरी खोप कार्यक्रम सञ्चालन गरिएको जनाएको छ । मन्त्रालयले डेंगी अतिप्रभावित जिल्लाहरूमा १५ देखि १९ वर्ष उमेर समूहका व्यक्तिलाई चरणबद्ध रूपमा खोप अभियानमा समेटिने बताएको छ ।

मे ५ मा सार्वजनिक गरिएको आधिकारिक तथ्यांकअनुसार अर्जेन्टिनाले यस वर्ष हालसम्म देशका २४ जिल्लामध्ये १९ जिल्लामा लामखुट्टेको टोकाइबाट सर्ने डेंगी रोगका कारण चार लाख २० हजार ८६७ जनामा डेंगी लागेको र २९१ जनाको मृत्यु भएको छ ।

एडिस लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने भाइरल रोग डेंगी भएपछि सामान्यतया टाउको दुख्ने, उच्च ज्वरो आउने, थकान महसुस हुने, मांसपेशी र जोर्नी दुख्ने, ग्रन्थी सुन्निने, बान्ता हुने जस्ता लक्षण देखापर्छ । *रासस/सिन्ह्वा*

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक १८ वैशाख २८ गते २०८१ मा प्रकाशित **Swift H.R. Group And Management Service Pvt.ltd.** को Lot No. 304416 को **Alraha Catering Company** को विज्ञापनमा Cleaner (Indoor) पदको महिला कामदारको संख्या १ र Waitress को संख्या २ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराईन्छ ।

SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.
Samakhusi-26, Town Planning, Kathmandu, Nepal Tel: +9771-4385028, Mobile: +9779813894052, +9779845198993, E-mail : swifthrgroup@gmail.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : DELHAM ARABIAN TRADING AND CONTRACTING COMPANY LIMITED
पूर्व स्वीकृति मिति २०८१/०१/२७ LT. No. 304501 चलानी नं. ६०२१९२५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 10 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com /nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम ईजाजत नं. ८२०/०६६/०६७

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL SAFWA AL RAEDA COMPANY FOR GENERAL CONTRACTING
पूर्व स्वीकृति मितिः २०८१/०१/२७ LT No. 304450 चलानी नं. ६०२१९२८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gas Station Attendant | 2 | 0 | 1500 | ५३,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAFWAT AL-ZERAA FOOD TRADING COMPANY
पूर्व स्वीकृति मितिः २०८१/०१/२७ LT No. 304449 चलानी नं. ६०२१९२८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Faraz International Overseas Pvt. Ltd
Govt. License 1553/079/80
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal,
Contact: 9847416116, Email: hiringalfaraz@outlook.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : CREATIVE FORUM FOUNDATION TO PROVIDE MEALS
पूर्व स्वीकृति मिति २०८१/०१/२७ LT. No. 304119 चलानी नं. ६०२१९२४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1400 | ५३,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : LULU CLEANING AND MAINTENANCE CO L.L.C
पूर्व स्वीकृति मिति २०८१/०१/२६ LT. No. 304322 चलानी नं. ६०२१९१६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 20 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office And Facility Cleaning Worker | 71 | 0 | 1000 | ३५,५५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JOB SEEKER MANPOWER Pvt. Ltd.
श्रम ईजाजत नं. २३५/०५८/०५९
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np
Website :www.jobseekermanpower.com.np

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL-KASHIM CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति २०८१/०१/२७ LT. No. 304405 चलानी नं. ६०२१९२८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 5 | 0 | 1200 | ४२,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office And Facility Cleaning Worker | 5 | 0 | 1200 | ४२,५९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SAEED BIN SAAD BIN BAKHROUSH AL-GHAMDI TRADING AND CONTRACTING COMPANY.
पूर्व स्वीकृति मिति २०८१/०१/२७ LT No. 304464 चलानी नं. ६०२१९२६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Contruction Worker | 7 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ५ गते (18th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बदि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career Development Human Resource Pvt. Ltd.
श्रम ईजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १३५६०० | प्रति तोला – १३४९५० | प्रति तोला – १६५० |

## 'लगानी सहजीकरण र सुरक्षित गर्न सरकार प्रतिबद्ध'

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले उद्योगी–व्यवसायीलगायत लगानीकर्ताको मनोबल उच्च राख्दै देशको आर्थिक रूपान्तरणमा गति दिन सरकार प्रतिबद्ध रहेको बताएका छन् । लक्ष्मी मोटर कर्पोरेसनको 'हुन्डाई मोटर एसेम्बलिङ प्लान्ट'को उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले आर्थिक विकास गरेर देशलाई समृद्धिको यात्रामा आगाडि बढाइने बताए । निजी क्षेत्रलाई विश्वासमा लिएर अर्थतन्त्र सुदृढीकरण गरिने बताउँदै प्रधानमन्त्रीले लगानी सहजीकरण गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार, 'निजी क्षेत्रको लगानी एवं राज्य र निजी क्षेत्रको सहकार्यबिना देशको अर्थतन्त्र सवल हुन सक्दैन, उत्पादकत्व वृद्धि हुन सक्दैन, रोजगारीका अवसरहरू सिर्जना हुन सक्दैनन्', प्रधानमन्त्री दाहालले भने, 'देशभित्र लगानीको वातावरण निर्माण गर्न, निजी क्षेत्रलाई प्रवर्द्धन गर्न, लगानीका क्षेत्रहरूको सुरक्षा र सहजीकरणका निम्ति सरकार हरदम साथमा छ ।'

यो नयाँ उद्योग सञ्चालनमा आएपछि नेपालमा औद्योगिक वातावरणका निम्ति स्वदेशी एवं विदेशी लगानीकर्ताहरूलाई थप आकर्षित गर्ने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री दाहालले औद्योगिकीकरणसँगै आयात प्रतिस्थापन हुने र सयौं दक्ष एवं अर्धदक्ष कामदारहरूका निम्ति रोजगारी प्राप्त गर्ने बताए ।

नेपालमा नै एसेम्बलिङ गर्दा उपभोक्ताले सहुलियत मूल्यमा सवारीसाधन खरिद गर्न पाउनुका साथै आन्तरिक स्रोत एवं विद्युत्को खपत, स्थानीय विकासमा साझेदारी र कुल ग्राहस्थ उत्पादनमा समेत सकारात्मक योगदान पुग्ने प्रधानमन्त्रीले भने ।

'हाम्रा वित्तीय र मौद्रिक नीतिहरू नियन्त्रणमुखी होइन, प्रवर्द्धनमुखी हुनुपर्दछ', प्रधानमन्त्री दाहालले भने, 'ती नीति–नियमहरूले उत्पादन र रोजगारी प्रवर्द्धनमा योगदान गर्न सक्नुपर्दछ ।' उनले सरकारको निरन्तर प्रयासका कारण अर्थतन्त्रका आन्तरिक र बाह्य सूचकहरू सकारात्मक बन्दै गएको उल्लेख गरे ।

'भर्खरैमात्र तेस्रो लगानी सम्मेलन सम्पन्न भएको छ । लगानीको पूर्वसन्ध्यामा अध्यादेश नै ल्याएर सरकारले महत्त्वपूर्ण ऐनहरू संशोधन गरेको छ', प्रधानमन्त्री दाहालले भने, 'यसले लगानीका क्षेत्रहरूमा देखिएका समस्या सम्बोधन गर्दै आन्तरिक एवं बाह्य लगानीलाई प्रोत्साहित र प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्नेछ ।'

प्रधानमन्त्रीले लगानी सम्मेलनमा देखिएको उत्साह, नेपालका राजनीतिक दलहरूमा देखिएको साझा दृष्टिकोण र प्रतिबद्धता एवं लगानीकर्ताहरूको आकर्षणले नेपाल छिट्टै आकर्षक लगानीको गन्तव्य मुलुक बन्ने सङ्केत गरेको बताए ।

## अर्थतन्त्रको अवस्थाबारे चेम्बरको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** नेपाल चेम्बर अफ कमर्सको पदाधिकारी टोलीले एमाले अध्यक्ष केपी शर्मा ओलीसँग भेटवार्ता गरेको छ । चेम्बरले अर्थतन्त्रको वर्तमान अवस्थाबारे अध्यक्ष ओलीलाई ध्यानाकर्षण समेत गराएको छ । चेम्बर अध्यक्ष कमलेश कुमार अग्रवाल, निर्वतमान अध्यक्ष राजेन्द्र मल्ल, पूर्वअध्यक्ष एवं चेम्बर सल्लाहकार परिषदका अध्यक्ष राजेशकाजी श्रेष्ठ एवं चेम्बरका पदाधिकारी टोलीले भक्तपुरको बालकोटस्थित निवासमा ओलीसंग भेटवार्ता गरेको हो ।

अर्थतन्त्र शिथिलताबाट गुज्रिरहेको भन्दै सरकारको नीति तथा कार्यक्रम र बजेट मार्फत सम्वोधन गर्नुपर्ने विषयमा चेम्बरले एमाले अध्यक्ष ओलीको ध्यानाकर्षण गराएको हो । अध्यक्ष कमलेश अग्रवालले अर्थतन्त्रमा आएको मन्दीले निजी क्षेत्रको सम्पत्तिमा ५० प्रतिशत सम्मको गिरावट आएको बताए । शिथिल अर्थतन्त्रलाई ट्र्याकमा ल्याउन आर्थिक र वित्तीय नीतिमा सहजीकरण गर्नुपर्ने अध्यक्ष अग्रवालको भनाई छ । वित्तीय र मौद्रिक नीतिको प्रभावकारी समन्वय मार्फत अर्थतन्त्रलाई चलायमान एवं निजी क्षेत्रको मनोवल उकास्नुपर्ने बेला आएको अध्यक्ष अग्रवालले धारणा राखे । उनले भने, ' विगतमा लिएका संकुचित नीतिहरूका कारणले अर्थतन्त्र हाल शिथिल अवस्थामा पुगेको छ । व्यापार असहजीकरण, शेयर बजारको संकुचन, घरजग्गा कारोबारमा सुस्तता लगायतका कारणले आर्थिक गतिविधी खुम्चिएको छ, सरकारको नीति तथा कार्यक्रम अर्थतन्त्रलाई चलायमान गराउने गरी आउन आवश्यक छ, । 'आयकर ऐन २०५८ का अधिकांश प्रावधानहरू स्पष्ट नहुँदा अन्तशुल्क, भन्सार आदिमा पछिल्लो समय भूत प्रभावी दायित्वहरू देखा परेको भन्दै अन्त्य गर्न चेम्बरले अध्यक्ष ओलीको ध्यानाकर्षण समेत गराएको छ ।

### नेपाल १७औं अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला

## प्राकृतिक तथा मौलिक उत्पादनमा अवलोकनकर्ताको आकर्षण



■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीको भृकुटीमण्डपमा जारी नेपाल १७औं अन्तर्राष्ट्रिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सवमा महका परिकार, प्राकृतिक रेशाजन्य उत्पादन, स्थानीयका खाना परिकार तथा मौलिक उत्पादनहरूमा अवलोकनकर्ता तथा उपभोक्ताहरूको आकर्षण देखिएको छ ।

स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल घरेलु तथा साना उद्योग महासंघले हरेक वर्ष आयोजना गर्दै आएको औद्योगिक प्रदर्शनी यस पटक वैशाख २६ देखि राजधानीको प्रदर्शनीमार्गस्थित भृकुटीमण्डप परिसरमा जारी रहेको छ ।

प्रदर्शनीमा महका परिकार, अल्लो, सिस्नो, केरा, गाँजा, बाँस, केतुकी, भूँइकटहरलगायतका प्राकृतिक रेशाबाट बनेका कपडाका उत्पादन, मह र यसका प्रकार, माहुरी सम्बन्धी जानकारी, कर्णाली तथा हिमाली क्षेत्रका मौलिक परिकार तथा अन्य उत्पादन उपभोक्ताहरूले निकै मन पराएको पाइएको छ । काठ, ढुंगा, धातु कला, सेरामिक्स, भाँडाकुँडाहरू बाँस, वेतबाँस आदिबाट निर्मित सजावटका सामानहरू, गलैंचा, राडीपाखी पश्मिनाका वस्तुहरू तथा अन्य ऊनी कपडाहरू, अल्लो, लोक्ता, जुट र अन्य परम्परागत तरिकाबाट प्रशोधित प्राकृतिक रेशाद्वारा उत्पादित वस्तुहरू, नवीनतम प्रविधिहरू, नेपाली हाते कागजका वस्तुहरू, परम्परागत हस्तकलाका सामानहरू, अर्गानिक मह, कृषि तथा वनमा आधारित उत्पादनहरू, शिक्षा, पर्यटन लगायतका सेवा प्रदायक संघसंस्थाहरू, वैकल्पिक, नविकरणीय ऊर्जा, सूचना प्रविधिमा आधारित प्रविधि तथा उपकरणहरू र अन्य औद्योगिक वस्तुहरू प्रदर्शन गरिएको छ ।

यसैगरी तेह्रथुमको ढाका, संखुवासभाको करुवा, भोजपुरको खुकुरी, जैविक स्रोतबाट बनेका श्रंगारको सामग्री तथा महबाट बनेका सौन्दर्य प्रसाधनका सामग्री, जैविक तथा आयुर्वेद उपचार प्रक्रियामा उपयोग गरिने प्राकृतिक औषधीय सामग्री, मसला, छोप, हस्तकलाका उत्पादनलगायतका सामग्रीमा पनि उपभोक्ताको आकर्षण देखिएको छ ।

लघु, घरेलु, साना तथा महिला उद्यमीद्वारा उत्पादित स्वदेशी उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको महोत्सव आइतबारसम्म चल्नेछ । मुलुकभरका झण्डै छ लाख भन्दा बढी लघु, घरेलु तथा साना उद्योगहरू र कृषि तथा मह व्यवसायमा संलग्न उद्यमीहरूलाई प्रतिविम्वित गर्ने प्रदर्शनीको मुख्य नारा 'खोजौं नेपाली, रोजौं नेपाली' र 'नेपाली वस्तु प्रयोग गरौं, नेपाली भएकोमा गर्व गरौं' भन्ने रहेको छ ।

प्रदर्शनीमा नेपालका सबै प्रदेश र जिल्लाका उद्यमीहरू, उपयुक्त प्रविधि प्रयोगकर्ताहरू र भारत, पाकिस्तान, बंगलादेश लगायत सार्क मुलुक तथा टर्कीको सहभागिता रहेको छ । प्रदर्शनीमा २५० वटा स्टलको व्यवस्था रहेको छ भने दुई लाख भन्दा बढी अवलोकनकर्ताहरूले मेलाको अवलोकन गर्ने अपेक्षा गरिएको छ । यस्तै सात करोड रुपियाँ भन्दा बढीको आर्थिक कारोबार हुने प्रक्षेपण गरिएको छ ।

नेपाल घरेलु तथा साना उद्योग महासंघको आयोजनामा रहेको मेलाको सह–आयोजकको रूपमा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, लघु घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, बागमती प्रदेश सरकार, उद्योग, बाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, काठमाडौं महानगरपालिका, चन्द्रागिरी नगरपालिका, नेपाल मौरी पालक महासंघ, नेपाल मौरीपालन केन्द्रीय सहकारी संघ लिमिटेड र व्यवसायिक किट विकास निर्देशनालय छन् ।

# कर्पोरेट

## मन्जुश्रीको टपअपमा क्यासब्याक अफर

**काठमाडौं (प्रस)–** मन्जुश्री फाइनान्सले टपअपमा क्यासब्याक अफर ल्याएको छ । अब मन्जुश्री स्मार्टबाट टपअप गर्दा २० प्रतिशत वा बढीमा ५० प्रतिशतसम्मको क्यासब्याक हुने अफर ल्याएको हो । मञ्जुश्रीले एफवान सफ्ट सँगको सहकार्यमा सीमित अवधिको लागि यो अफर ल्याएको जनाएको छ ।

मञ्जुश्री फाइनान्सहरूमध्ये पछिल्लो त्रैमाससम्ममा सबैभन्दा बढी नाफा कमाउन सफल रहेको छ । हाल फाइनान्सले २७ वटा शाखामार्फत सेवा दिँदै आएको छ ।




## कुमारी बैंक र कान्तिपुर डेन्टलबीच सम्झौता

**काठमाडौं (प्रस) –** कुमारी बैंक लिमिटेड र बसुन्धरास्थित कान्तिपुर डेन्टल कलेज टिचिङ्ग अस्पताल तथा रिसर्च केन्द्रबीच सम्झौता भएको छ । सम्झौता अनुसार कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरूलाई कान्तिपुर डेन्टल कलेज टिचिङ्ग अस्पतालबाट प्रदान गरिने सेवाहरूमा विशेष छुट प्रदान गर्ने समझदारी भएको छ ।

यस सम्झौता अनुसार कुमारी बैंक लिमिटेडका ग्राहक महानुभावहरूले सो कान्तिपुर डेन्टल कलेज टिचिङ्ग अस्पतालबाट सेवा लिए बापत कुनै पनि भुक्तानी कुमारी बैंकको डेबिट/क्रेडिट कार्डबाट गर्दा ओपिडि सामान्य डेन्टल सेवाहरूमा कान्तिपुर डेन्टल कलेज टिचिङ्ग अस्पताल तथा रिसर्च केन्द्र, काठमाडौं मूख्य कार्यालय तथा नारायणगढर बुटवलमा रहेका शाखा कार्यालयहरूबाट सेवा लिदा १० प्रतिशत, विशेष डेन्टल सेवाहरूमा ७ प्रतिशत, सामान्य सेवाहरूमा १० प्रतिशत, क्लिनिकल प्याथोलोजीमा १५ प्रतिशत छुट र साथै पहिलो भिजिटमा निशुल्क आँखा परीक्षण प्राप्त गर्न सकिनेछ । यस सुविधाबाट सेवाग्राहीहरूले गुणस्तरिय सेवा प्राप्त गर्नुका साथै अधिकतम लाभ समेत प्राप्त गर्न सकिनेमा बैंक विश्वस्त रहेको छ ।

विगत २२ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१४ एटिएम, ५१ एक्सटेन्सन काउन्टर तथा ६५ शाखा रहित बैंकिङ्ग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ ।




## ज्योति विकास बैंकद्वारा बालबालिकालाई कृत्रिम हात प्रदान

**काठमाडौं (प्रस)–** ज्योति विकास बैंकले विभिन्न १५ बालबालिकाहरूलाई कृत्रिम हात उपलब्ध गराएको छ । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापना गरेको 'हाम्रो विकास प्रवर्द्धन कोष' कार्यक्रमहरू अन्तर्गत ई–नेबल नेपाल नामक संस्था मार्फत १५ जना बालबालिकाहरूलाई थ्रीडी प्रिन्टेट प्रोस्टेथिक हात हस्तान्तरण गरेको हो । ई–नेबल नेपालको कार्यालयमा आयोजित कार्यक्रममा ज्योति विकास बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकालले ई–नेबल नेपालका अध्यक्ष सुरेन्द्र श्रेष्ठको उपस्थितिमा उक्त कृत्रिम हातहरू आवश्यकता भएका बालबालिकालाई प्रदान गरिएको हो । प्रदान गरिएका कृत्रिम हातहरूले बालबालिकालाई सामान्य दिनचर्याका काममा सहयोग हुनुको साथै बालबालिकाको मनोबल र आत्मविश्वास उच्च राख्न सहयोग हुने विश्वास बैंकले राखेको छ ।



कार्यक्रममा जन्मजातै हात नभएका तथा कुनै दुर्घटनामा परि हात गुमाएका बालबालिकाहरूलाई उक्त कृत्रिम हात प्रदान गरिएको छ । बालबालिकाको आवश्यकता अनुसार नाप लिई प्राकृतिक मानव हात अनुरूप चलाउन सकिने उक्त कृत्रिम हातहरू बालबालिकाको पठन–पाठनमा सहयोग तथा भविष्यमा हात नभएको कारण कुनै पनि अवसरबाट वञ्चित नहुन् भन्ने मनशायले बैंकले प्रदान गरेको छ ।

ज्योति विकास बैंकले आफ्नो १५ औं वार्षिकोत्सवको अवसरमा ई–नेबल नेपालसंग सहकार्य गरी १५ जना बालबालिकाको लागि कृत्रिम हात निर्माण गर्ने र प्रदान गर्ने घोषणा गरेको थियो । ज्योति विकास बैंकले हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएममार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ ।


ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपलिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ, कोशी प्रदेश, नेपाल

आगलागीबाट बच्ने सम्बन्धी जनहितमा जारी सन्देश

१. सलाई, लाइटरजस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौं ।
२. खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
३. चुरोट बिंडीजस्ता वस्तुहरु प्रयोगपश्चात जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
४. पेट्रोल, डिजेल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटरजस्ता सामाग्रीको प्रयोग नगरौं ।
५. आगलागीका घटना भएमा तत्काले दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
६. सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राख्ने व्यवस्था मिलाऔं ।
७. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं ।
८. आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।
९. आगोको वरिपरि छिटै सल्किने सामानहरु नराखौं ।
१०. वन तथा जंगलमा डढेलो नलगाऔं, जनधन र वनको संरक्षण गरौं ।
११. हावाहुरी आउन थालेपछि घरको झ्यालढोका बन्द गरौं ।
१२. हावाहुरी तथा आगलागीबाट आफू पनि बचौं अरूलाई बचाऔं ।
१३. हावाहुरी चलेको समयमा छानाको हुकहरु के कस्तो अवस्थामा छ, सबै अनुगमन गरी हुक कसेर राखौं,
१४. छतका गमालाहरु सुरक्षित रूपमा मिलाएर राखौं,
१५. हावाहुरी चलेको समयमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
१६. हावाहुरी तथा आगलागीबाट हुने क्षति हुन नदिन वा कम गर्न पूर्वतयारी एवम सतर्कता अपनाऔं
१७. यस्तो समयमा केटाकेटी बालवच्चा र वुढाबुढीहरु तथा असाहय अपाङ्गता भएकालाई मात्र घरमा नछोडौं ।
१८. कहीकतै आगलागी भइरहेको छ भने फोटा खिचेर भिडियो बनाएर नबसौं आगो नियन्त्रण गर्न तथा उद्दार गर्नतर्फ सचेत बनौं ।
१९. गाउँ-गाउँमा यस्ता घटना हुन नदिनको लागि तथा भइहालेमा के कसरी बच्न सकिन्छ भन्ने उपायहरुको जनचेतना अभियान चलाऔं ।
२०. संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई घटना हुन नदिनका लागि गरिने सरकारी तयारी साथै भइहालेमा उद्दार तथा राहत कार्यमा तत्परता देखाउन आ-आफनो ठाउँबाट खबरदारी गरौं ।

गर्मी तथा हुरीबतासका समयमा आगलागीका घटनाहरू भइरहेका छन् । आफ्नो सानो कमजोरीले गर्दा पनि ठूलो धनजनको क्षति हुन सक्ने हुन्छ । सोबाट हुन सक्ने जनधनको न्यूनिकरण गर्न निम्नानुसार पूर्व तयारी अपनाऔं ।



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ